हरेक क्षण हरेक दिन मात्र कृषि समाचारको लागि www.krishionline.com

नेपालको पहिलो

# कृषि साप्ताहिक

Nepal's First Agriculture Weekly

● वर्ष ४ ● अङ्क २६ ● २०७२ माघ १० गते आइतबार ● ( Jan. 24, 2016 मूल्य रु.१०|-




# विदेशी दातृ निकायहरुको घेरामा कृषि विकास मन्त्रालय




काठमाडौं। मुलुक चलाउने अभिन्न अंगका रुपमा रहेका मन्त्रालयहरु नै विदेशी दातृनिकायहरुको घेराभित्र परिरहेका छन् भन्ने कुरा सुन्दा अचम्म लाग्त सक्ला ? तर अचम्म पर्नु नपर्ने भएको छ। मुलुकको आर्थिक मेरुदण्डको प्रमुख हिस्सा बोकको कृषि क्षेत्र यतिखेर नेपाल सरकारले चलाईरहेको छ कि विदेशी दातृनिकायहरुले चलाईरहेकाछन् भन्ने कुरा शंकाको घेराभित्र रहेको छ।

कृषि विकासका लागि भन्दै नेपाल सरकारले गतबर्ष मात्र करीव २६ अर्ब रुपैयां बजेट विनियोजन गरेको देखिन्छ। विगत पांच बर्षको अवधि हेर्ने हो भने हरेक बर्ष कृषिको बजेट बढ्दै गईरहेको पनि देखिन्छ। हुन पनि सरकारले मुलुकको दीर्घकालिन विकास गर्ने र मुलुकलाई आत्मनिर्भरतातिर लैजाने हो भने कृषि क्षेत्रको बजेट अझै दोब्बर बनाउनु पर्ने देखिन्छ। हुन त बजेट बढाएर मात्र काम हुन्छ भन्ने कुरा पनि हालसम्म देखिएको छैन। विकासका लागि बजेटसँगैसँगै इच्छा शक्तिको पनि आवश्यक हुन्छ। नेपालका कृषि क्षेत्रको विकास गर्नका लागि कुनै पनि राजनीतिक दलहरुको इच्छा शक्ति नभएकै कारण मुलुकको ठूलो हिस्साका रुपमा रहेको कृषि क्षेत्र जर्जर होला कि भन्ने संकेत देखिएको। यही मौकाको फाइदा उठाउनका लागि नै यतिखेर विदेशी दातृनिकायहरु सल्बलाईरहेका मात्र होइनन्। कृषि क्षेत्रलाई त आफ्नो पन्जामा पारिसकेका छन् भन्ने कुरा पुष्टि गर्न गाह्रो छैन।

नेपाली किसानहरुको आवश्यकता एकातिर छ भने कृषिको विकासका लागि लगानी गरिरहेका दातृनिकायहरुको आवश्यकता अर्कोतिर देखिन्छ। त्यही भएर भनि हरेक बर्ष कृषि विकास मन्त्रालयको भन्दा दोब्बर बजेट कृषि क्षेत्रमा दातृनिकायहरुले खर्च गरेको देखिएपछि त्यसले खासै उपलब्धी हासिल गर्न सकेको देखिदैन।

नेपालमा हरेक क्षेत्रमा लगानी गर्दै आईरहेका अमेरिकी सहयोग नियोग युएसएआईडिले कृषि विकास मन्त्रालयलाई टेर्दै टेरेको देखिंदैन। सो अमेरिका दातृनिकायले विगत लामोसयमदेखि कृषि क्षेत्रमा लगानी गरेको भएपनि उसले कृषि विकास मन्त्रालयलाई साक्षी किनारामा सहि छाप लगाउने काम बाहेक अरु गरेको देखिदैन। विगतदेखि नै सो निकायले कृषिमा गरेको लगानी पारदर्शि गर्ने कुरा त परै जाओस् के के काम कसरी गर्दछ भन्ने कुरा पनि कृषि विकास मन्त्रालयलाई जानकारी दिने गरेको देखिदैन। कृषि विकास मन्त्रालयले अन्य दातृनिकायहरु जस्तै कृषि क्षेत्रमा काम गर्ने निकायहरुलाइ आफ्नो निगरानीमा राख्ने र कृषि विकास मन्त्रालयको स्वीकृत बिना काम गर्न नपाउने प्रावधान ल्याइएको भए पनि अमेरिकी सहयोग नियोग युएसएआईडिले टेरेको देखिंदैन। भने मन्त्रालयले पनि आफ्नो नियन्त्रण भन्दा बाहिर गएर काम गर्ने यस्ता संस्थाहरुलाई बाँकी पेज ७ मा

## पशुपालन व्यवसाय आत्मनिर्भरतातिर : मन्त्री मानवी



बाँके। पशुपालन व्यवसाय आत्मनिर्भरतातिर अगाडि बढिरहेकाले यसलाई व्यवस्थित गर्नका लागि सरोकारवाला व्यक्तिहरु सक्रिय भएर लाग्नु पर्ने पशुपंक्षी विकास मन्त्री शान्ता मानवीले आग्रह गरेकी छिन्। सुदूरपश्चिमको भ्रमण सम्पन्न गरी काठमाडौं फर्कने क्रममा क्षेत्रीय पशु सेवा निर्देशनालयले आयोजना गरेको स्वागत कार्यक्रममा बोल्दै मन्त्री मानवीले सो कुरा बताएकी हुन्। सरकारले विभाजन गरेका मन्त्रालय मध्ये पशुपंक्षी विकास मन्त्रालय सशक्त ढंगले अघि बढिरहेको भन्दै मन्त्रालयका लागि जनशक्ति अभाव भएको भन्दै जनशक्ति पूरा गर्दै पशुपालन किसानहरुको समस्या समाधान गर्नका लागि आफू प्रतिवद्ध भएर लाग्ने उनले बताईन्। आफ्नो मन्त्रालय मातहतका भौतिक संरचनाहरुको धेरै पुर्ननिर्माण गर्नु पर्ने देखिएको भन्दै पशु व्यवसायलाई पनि व्यवसायिक बनाउनु पर्नेमा सबै एक जुट हुनु पर्ने मन्त्री मानवीको जोड थियो। नेपालको कृषि क्षेत्रमा पशुपालन व्यवसाय अग्रस्थानमा रहेको भन्दै किसानका समस्या समाधान नगरी र किसानलाई शसक्त नबनाई यो व्यवसायले अगाडि बढ्न नसक्ने बताईन्। कार्यक्रममा पशुपंक्षी विकास मन्त्रालयका बाँकी पेज ७ मा

## मार्गदर्शन निर्माण गर्न भन्दै क्याबिनेट छोडे कृषिमन्त्रीले



काठमाडौं, माघ। शुक्रबार तीन बजेदेखि सिंहदरबारमा सबै मन्त्रीहरु समावेश भएर मन्त्रीपरिषद् बैठक शुरु भईरहंदा कृषि विकास मन्त्री हरिबोल प्रसाद गजुरेल भने क्याविनेट बैठकमा गएनन्। कृषि विकास मन्त्रालय फुटाएदेखि प्रधानमन्त्री केपी शर्मा ओलीसंग रुष्ट भएका कृषि मन्त्री क्याविनेट बैठकमा उपस्थित नभएपछि बैठकमा कृषि मन्त्रीको चर्चा चलेको बताइएको छ। उनी प्रधामन्त्री केपी शर्मा ओलीसंग रिसाएका कारण क्याविनेट बैठकमा नगएका पनि होइनन्। मन्त्री उपत्यका बाहिर वा देश बाहिर भएर नआएका भने होइनन्।

प्रधानमन्त्री कार्यालयमा क्याविन बैठक चलिरहंदा कृषिमन्त्री हरिबोल प्रसाद गजुरेल कृषि विकास मन्त्रालय सिंहदरबार मै कार्यकर्ताहरुसंग भेटघाट मै व्यस्त देखिएका थिए। सांढे तीन बजे पछि मात्र उनी कृषि बाँकी पेज ७ मा

## कुहिएको मासुको पीडामा परे महानिर्देशक

काठमाडौं। पशुजन्य बस्तुहरुमा हरेक बर्ष परनिर्भरता सहनु परेकाले उत्पादन र उत्पादकत्व बृद्धि गर्ने कार्यकमा पशुपंक्षी विकास मन्त्रालय लागिरहेको सो मन्त्रालयका सह सचिव श्याम पौडेलले बताएका छन्। भेटेरीनरी जनस्वास्थ्य कार्यालयले आयोजना गरेको पशु बधशाला तथा मासु जांच ऐन, नियम, निर्देशिका कार्यान्वयका लागि सरोकारवालासंगको छलफलमा निमित्त सचिव पौडेलले सो कुरा बताएका हुन्।



ज्यादै अव्यवस्थित र विभत्स तरीकाले पशुहरुको काटमार, ओसारपसार भईरहेको बताउंदै उनले रांगा र बंगुरको ओसार पसार एवं काटमारमा विभत्स तरीकाले गरेको मात्र होइन गुणस्तरका हिसावले पनि अत्यन्तै जोखिम भएको समेत बताए। उनले उत्पादकदेखि उपभोक्तासम्म अहिले खाद्य स्वच्छताको कुरा उठिरहेको भन्दै उनले मासुजन्य पदार्थको स्वच्छताको आजाव बलियो हुंदै गईरहेको समेत बताए।

कार्यक्रममा पशु सेवा विभागका महानिर्देशक डा केशवप्रसाद प्रेमीले बधशालालाई व्यवस्थित गर्न र मासु जांच ऐन २०५५ लाई कार्यान्वय गर्न मन्त्री सचिव समेत प्रतिवद्ध भएर लागिरहेको बताए। उनले पशु सेवा विभागको महत्वपूर्ण र चुनौतिको विषय भनेकै मासु जांच ऐन कार्यान्वय गराउनु रहेको बताए। मासु जन्य बस्तुको स्वच्छताको विषयलाई लिएर चाडपर्वमा मात्र नभएर निरन्तर अनुगमनमा लागिहरु आफूहरु लागिरहेको पनि उनले बताउंदै यो बर्षभित्र एउटा नगरपालिकाबाट भएपनि कार्यान्वयन गराएरै छाड्ने प्रतिवद्धता दिएका छन्। महानिर्देशक प्रेमीले अहिले पैसा कमाउने नाममा मासुजन्य बस्तु व्यापार गर्नेदेखि पार्टी प्यालेससम्मले गुणस्तरहिन मासुको प्रयोग गर्दै गईरहेको त्यसको मारमा आफूनै परेको खुलासा गरे। बाँकी पेज ७ मा

## पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयको अनुरोध

**यस पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालयले डेरी तथा मासुजन्य उद्योग व्यवसाय प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु मार्फत अनुदान सहयोग उपलब्ध गराईरहेको सवैमा जानकारी नै छ। निर्देशनालयले कुनै पनि कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम निर्देशकज्यू लगायत सम्पूर्ण कर्मचारीहरुको छलफल र पारदर्शि निर्णयानुसार गर्ने गरिएको छ। तर अनुदान स्वीकृत गराईदिने लोभ देखाई निर्देशनालयसंग कुनै सम्वन्ध नभएका केही व्यक्तिहरुले व्यवसायीहरुबाट नाजायज फाइदा लिने प्रयास गरी निर्देशनालयका बारे भ्रामक, कपोलकल्पित र व्यक्तिगत लान्छना लगाउने गरिरहेको गुनासो निर्देशनालयमा प्राप्त भएकोले हाम्रो ध्यानाकर्षण भएको छ।**

**यस प्रकारको लेनदेन सम्वन्धि काममा निर्देशनालयको कुनै कर्मचारी सामेल भएको भए निर्देशनालयमा जानकारी गराईदिन र निर्देशनालयको नाममा कुनै पनि व्यक्तिगत रकम लिनेदिने काम नगर्नुहुन सवैमा अनुरोध छ। निर्देशनालयसंग असम्वन्धित व्यक्तिहरुको कामको जिम्मेवारी निर्देशनालयको नहुने समेत सवैमा जानकारी गराउदछौं।**

**नेपाल सरकार**
**पशुपंक्षी विकास मन्त्रालय**
**पशु सेवा विभाग**
**पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय हरिहरभवन,ललितपुर**

# कृषि ऋणमा गर्भनरको गफ ?

मुलुकको केन्द्रिय वैंकका रुपमा रहेको नेपाल राष्ट्र वैंकका गर्भनर पनि नेताहरुले जस्तो भाषण गर्न खप्पिस भए पछि देशको आर्थिक विकास हुन्छ भन्नु र मन्त्रीहरुले केही बर्षभित्रै हामी आत्मनिर्भर बन्छौं भन्नु उस्तै उस्तै हो ।

प्रसङ नेपाल राष्ट्र वैंकका गर्भनर चिरञ्जिवी नेपालको हो । गर्भनर अहिले वित्तिय क्षेत्रका कुनै पनि कार्यक्रममा गए पनि एउटै नारा घन्काउने गर्न थालेका छन् । कृषि ऋणमा सहुलियत ब्याजदर दिन नमान्ने वैंकका विरुद्ध राष्ट्र वैंकमा फोन गर्नु रे ? नेपाल राष्ट्र वैंकमा पुग्दा त गर्भनरलाई भेट्न गाह्रो हुन्छ । फोनबाट गभर्नरलाई त्यत्ति सजिलो भेटन कसरी सकिएला ? अर्को कुरा किसानहरुले सहुलियत व्याजमा कृषि ऋण किसानहरुले पाउदैनन भन्ने कुरा उनलाई थाहा छैन होला । विचरा थाहा होस् पनि कसरी न हिजो कृषि कर्ममा लागेका न भोली नै लाग्ने छन् । किसानका छोरा भन्दै उनी मख्ख छन् ।

कृषि विकास वेंकको बार्षिकोत्सवदेखि य्याडिसन होटल भित्रको हलमा समेत कृषि ऋण नपाए राष्ट्र वैंकमा फोन गर्नु भन्नु बाहेक अरु शब्द गर्भनरको मुखबाट सुन्न पाईएन । गर्भनरले आजका दिनसम्म राष्ट्र वैकले तोके अनुरुप कृषि कर्जा प्रवाह गर्दा सहुलियत ६ प्रतिशत व्याजमा ऋण नदिने वैंकलाई कार्वाही गर्छु भन्ने आंट समेत गर्न सकेका छैनन् । ऋण दिनेने नदिएपछि नेपालजीको कार्यालय धाएर किसानहरुको खेतमा तरकारी वाली फल्दैन ।

परम्परागत रुपमा निर्वाहमुखि कृषि गरिरहेका किसानहरु कृषि कर्जा लिन बैकसम्म पुग्दै पुग्दैनन् । उनीहरुलाई सहकारीहरुले नै विना झणझन जुन बेला भन्यो त्यही बेला ऋण उपलबध गराईरहेका छन् । वैंकबाट ऋण लिने भनेको परमम्पराग कृषिलाई व्यवसायिक बनाउंछु भनेर लाग्ने व्यवसायिक  किसानहरुले हो । जसलाई वैकहरुले पत्याउंदैनन् अर्थात धेरै जसो वैंकहरुले ११ प्रतिशतदेखि १७ प्रतिशतसम्म ब्याज असुलिरहेका छन् । त्यसकारण नेपाल राष्ट्र वैकका गनर्भर चिरञ्जिी नेपालले अर्थमन्त्रीले जस्तै भाषण छांट्नु भन्दा हरेक बैंकहरुले कृषि क्षेत्रमा कर्जा कति लगानी गरे र कति व्याजदरमा गरे भन्ने कुरा आफू मातहतका निकायलाई माग्न लगाउने पर्‍यो । उनले माग गर्ने हो भने केही सेकेण्ड मै प्राप्त गर्न सक्ने भएकाले पनि नेताहरुले जस्तै किसानहरुलाई कृषि कर्जामा सहुलियत व्याजको कुरालाई भाषणका माध्यमबाट आश्वासन दिने कार्य बन्द गर्दा नै ठिक होला ?  गर्भनरले किसानका लागि भाषण गर्दै हिड्नु भन्दा पनि कृषि ऋण सहज रुपमा प्रवाह गर्नका लागि निश्चित मापदण्ड बनादिए बेश हुन्थ्यो कि ? ▪

**आफ्नै सूचना**

*नेपालको पहिलो कृषि साप्ताहिकका रूपमा प्रकाशित कृषि साप्ताहिकमा तपाईंका क्षेत्रमा भए/गरेका कृषि क्षेत्रसँग सम्बन्धित सूचना/समाचार वा लेख/रचनाहरू छन् भने हामीलाई बिहिबारभित्र पठाउनुहुन अनुरोध गरिन्छ ।*

**सम्पर्क**

**कृषि साप्ताहिक, बागबजार**

इमेल : sajnepal@gmail.com

web: www.krishionline.com

# मासु तथा मासुजन्य उप–उत्पादनको गुणस्तर



डा. केदार कार्की

**मासुको गुणस्तर :**

जिवित पशु पंक्षिहरुमा मांसपेशी जन्य सामान्य गतिविधि हुन तीनमा ग्लाईकोजनको आवश्यकता पर्दछ । स्वस्थ्य तथा प्रशस्त आहारा गर्ने जनावरमा मांसपेशिहरुमा ग्लाइकोजनको मात्रा उच्चतम हुन्छ । पशुपंक्षी वध पछि यो ग्लाइकोजन ल्याकटिक एसिडमा परिणत हुन्छ जस्का कारण मांसपेशि तथा पशुपंक्षीको जीउ अररो हुन्छ । वध गरेको पशुबाट मासुजन्य तयार गर्दा ल्याकटिक एसिडको आवश्यकता पर्छ जसले मासुलाई स्वादिलो मुलायम, कमलो बनाउन मद्दत गर्छ । साथै मासु लामो समय संचय गरी राख्न पनि सकिन्छ, गुणस्तर पनि विग्रदैन , तथा मासुको स्वभाविक रंग पनि सुरक्षित हुन्छ । यदि पशु पंक्षी ढुवानी गर्दा , तनाव ग्रस्त हुन पुगे वा वध गर्नु अघि नै तनाव ग्रस्त हुन पुगे भने त्यस्ता पशुपंक्षीको मांसपेशीबाट ग्लाइकोजन निर्खन जान्छ । त्यस्ता पशुपंक्षीबाट प्राप्त हुने मासुमा यस्को तह अनि मात्रा घटेर जान्छ । जस्को कारणले मासुको गुणस्तरमा असर पचाउछ।

**कमलो थिलथिले मासु**

यस्तो मासु सुंगुर वंगुर प्रजाती वध गर्न केहि छिन अगाडि, ढुवानी साधनवाट ओराल्दा, समात्न खोज्दा, खोरमा हुल्दा, वध अघि वेहोस गर्दा, असजिलो भइ, उफ्रिने, दौड्ने, भाग्ने, वा तर्सिन गई तनाव ग्रस्त भए देखिन्छ । यस्ले गर्दा यति वेला बंगुरहरुको शरीरको मांसपेशी हुने जैविक रसायनिक कृया प्रकृयाका कारण मांसपेशीमा संचित ग्लाइकोजन छिट्टै विग्रह हुने गर्छ जस्का कारण त्यस्ता पशुबाट प्राप्त हुने मासु फोस्रो हुनुकन साथै, ती मासुमा अम्लियपनको मात्रा वढेर जान्छ र नराम्रो स्वादको पनि । यस्ता अवस्थाको पशुबाट प्राप्त मासुबमट प्राप्त हुने, कुनै पनि मासुजन्य परिकार वनाउन वा प्रशोधन गरी राख्न पनि सकिन्न, प्रायजसो मासु खेर जाने हुन्छ । त्यसैले वध गर्नु अघि वंगुर प्रजातीहरुलाई वध गर्नु अघि कम्तिमा एक घण्टा आराम गर्न दिनुका साथै , वध गर्दाको वेला झ्याङटाङ, झुन्टुङग वा दैाडाउने नगर्ने हो भने यो समस्याबाट मुक्ती पाईन्छ ।

**कालो, कडा, सुख्खा मासु**

यस्तो अवस्था भेडा, खसी, वोका, रांगा, कुखुरा तथा कहिले कांहि वंगुरको मासु तयार वध गर्दा देखिन्छ । मासु कालो सुख्खा र कडा खाल्को देखिन्छ । ढुवानीको वेला पशु पंक्षी तनाव ग्रस्त हुन पुगे वा ढुवानी साधनबाट आराल्दा कुट्ने पिट्ने, दौडाउने वा वध गर्ने वेला असजिलो लरी लडाउने, बााध्ने, मुन्टाउने गर्दा यी पशुपंक्षीको शरीरमा भएको ग्लाइकोजन खर्च भएर जान्छ, जस्ले गर्दा वध गरेपछि तयार गरीने मासुमा ल्याकरीक एसिडको मात्रा न्यून हुने गर्छ । जस्का कारण मासु, कालो, कडा, सुख्खा देखिन्छ । यस्तो मासु न्यून गुणस्तरको मानिन्छ, अत्याधिक रंग कालो देखिने हादा उपभोक्ताहरुले मन पराउादैनन् र चाडै विग्रीन्छ पनि । यस्ले वध गर्नु अधि पहुपंक्षी तनाव ग्रस्त, चोट ग्रस्त वा विरामी थिए भन्ने संकेत पनि गर्छ । त्यसैले वध गर्ने गरिने पशुपंक्षि वध गर्नु अघि तनाव मुक्त, चोटपटकहरुबाट मुक्त अनि स्वस्थ्य हुनै पर्छ । यस्का लागि वधस्थल, वधशाला तथा मासु पसलमा वध गरीने पशु पंक्षीलाई कम्तिमा २४ घण्टा आराम गर्न दिनु पर्छ । त्यसो भएमा ओसार पसार वा ढुवानीका कममा तनाव ग्रस्त हुन पुगेका पशुको मांसपेशी खर्चको ग्लाइकोजन पुनः सोधभर्ना हुन सकोस् । वध गरिने पशुबाट प्राप्त हुने मासुमा ग्लाइकोजनको मात्रा उच्चतम हुनु पर्छ जस्ले गर्दा मासु तयार गर्दा, मासु प्रशोधन गर्दा त्यो मासुमा ल्याकटिक एसिड यथेपढ तयार हुन सकोस त्यस्ता मासु २४ घण्टा पछि जााच गर्दा मासुको पि.एच. ६.२ वा कम हुनु पर्छ । यो मात्रा यसभन्दा बढी भएमा यस्ले संकेत गर्छ कि मासुको श्रोतका पशु वध गर्नु अघि कित तनाव ग्रस्त यात चोट ग्रस्त वा विरामी थिए ।

मांसपेशीमा ल्याकटिक एसीडको उपस्थितीले मासु कांट छांट गर्दा वधस्थल, वधशाला वा मासु पसलमा जिवाणु जन्य संकमण मासु हुन न्यूनिकरण गर्छ । नत्र यी जिवाणु मासु विगार्ने, मासुबाट दुर्गन्ध आउने, भिजेको जस्तो देखिने वा चिपचिपे अवस्थामा पुचाउंछ । यदी यसरी मासु प्रदुर्षण गराउने जिवाणु मासुजन्य विषात्क्ती गराउने दाल्का भए त्यस्ता मासु उपभोग गर्ने जनमानम विरामी पर्न सक्छन, साथै महंगो उपचार खर्च पनि गर्नु पर्ने हुन्छ । ढुवानीका कम्मा पशुलाई लीले हिर्काउने, ढुङगाले हान्ने वा पशुहरु एक आपसमा जुद्दा सिङले चोट पुचाउने साथै ढुवानी साधनमा भएका धारीला तिखा धातुका भागसंग ठोक्किन पुगे वा चेप्पिएर बस्नु परे चिप्लीएर लडे पशुको शरीरमा विभिन्न खाले चोट पटक वा सुम्ला वस्न सक्छ । यो भनेको माथिका घटना, दुर्घटना हादा सानो सुम्ला वस्नुका साथै ठूलै चोटपटकका साथै जीउका हाडहरु भााच्चिन पनि सक्छ । जस्का कारण त्यस ठाउामा वाहिर नदेखिने गरी मांसपेशी रगत संचार गर्न नशा टुट्फुट् भएर रगत शरीरको कुनै भाग कुनै अंग वा संपुर्ण शरीरमा चुहिएर जान सक्छ । त्यस्ता पशुहरुबाट प्राप्त हुने मासु खान योग्य हुंदैन्न ।

**कारण**

१. रगतले नशा लतपतिएको मासु उपभोक्ताले मन पराउादैन्न र स्वास्थ्यका लागि उपयुक्त पनि मानिदैन ।

२. यस्ता पशुको मासु मासुजनय कुनै किसिमका परिकार वनाउन वा प्रशोधन गरी संचय पनि गर्न सकिन्न ।

३. यस्ता मासु चाडै सड्ने गल्ने हुन्छन्, रगतले लत्पतिएको मासु पहिले नै जिवाणुबाट प्रदुषित त हुन्छ नै, थप प्रदुषणको डर पनि । त्यसैले मासु निरिक्षणका कममा त्यस्ता मासु प्रमाणित गरिनु हादैन।

**छालाको गुणस्तर :**

जुनसुकै प्रजातिको पशु वध गरिएको भए पनि तीनबाट प्राप्त हुने छाला उच्च गुणस्तर तथा चोटपटक मुक्त हुनु पर्छ । जस्ले गर्दा तीनबाट मुल्यवान छालाजन्य सामाग्री उत्पादन गर्न सकिन्छ ।

**वध अघि छाला कसरी विग्रन सक्छ :**

जथाभावी छालामा नै चोटपटक हुने गरी चिन्ह लगाएमा, पशुलाई ढुङगाले हिर्काएमा, सुइरोले घोचेमा, लीले हिर्काएमा काडेतारमा अल्झिएमा वा सिङले चोट पुचाएमा, कोचाकोच हुने गरी ढुवानी गरेमा वा उपयुक्त किसिमको वाहनमा ढुवानी नगरेमा, वध गर्ने बेलामा जनावरलाई जथाभावी उत्तेजित गरेमा आफैं चोट ग्रस्त हुन सक्छन् । जनावरलाई जथाभावी हिर्काएमा वा बलगरी हुत्याएमा, पछारेमा, वध अघि वा वध पछि पशुलको जीउ भाुईमा लछार पछार गरेमा छाला विग्रन सक्छ । यि नहुन दिन पशुपंक्षी ढुवानी गर्दा पशु कल्याणका वारे ध्यान पुचाउने हो भने यी उत्पादनको मुल्य उच्च राख्न सकिन्छ ।

**वध गरिने पशुबाट प्राप्त हुने मासुमा ग्लाइकोजनको मात्रा उच्चतम हुनु पर्छ जस्ले गर्दा मासु तयार गर्दा, मासु प्रशोधन गर्दा त्यो मासुमा ल्याकटिक एसिड यथेपढ तयार हुन सकोस त्यस्ता मासु २४ घण्टा पछि जाच गर्दा मासुको पि.एच. ६.२ वा कम हुनु पर्छ । यो मात्रा यसभन्दा बढी भएमा यस्ले संकेत गर्छ कि मासुको श्रोतका पशु वध गर्नु अघि कित तनाव ग्रस्त यात चोट ग्रस्त वा विरामी थिए ।**

**मांसपेशीमा ल्याकटिक एसीडको उपस्थितीले मासु कांट छांट गर्दा वधस्थल, वधशाला वा मासु पसलमा जिवाणु जन्य संकमण मासु हुन न्यूनिकरण गर्छ । नत्र यी जिवाणु मासु विगार्ने, मासुबाट दुर्गन्ध आउने, भिजेको जस्तो देखिने वा चिपचिपे अवस्थामा पुचाउाछ**

# कृषि मौसम सल्लाह सेवा बुलेटिन

**जारी मिति : ८ माघ २०७२**

अवधि : ८ माघ २०७२ - १४ माघ २०७२

**लागि : बाँके जिल्ला**

(जारी गर्ने: PPCR/BRCH/AMIS Project, MOAd,AERD, NARC and Agro-met Section, DHM)

## नेपालगञ्ज एयरपोर्ट, बाँकेको मौसम तथ्यांक

### गत हप्ता ३० पौष २०७२ मा अन्त्य भएको मौसम अवस्था

| मौसमी विवरण | गत हप्ता (२४ पौष २०७२ देखि ३० पौष २०७२ सम्म |
|---|---|
| कूल बर्षा (मि.मी.) | ०.० |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) को दायरा | २२.४-२५.४ |
| न्यूनतम तापक्रम (°सेण्टिग्रेड) को दायरा | ७.३-८.५ |
| अधिकतम सापेक्षित आर्द्रता (%) को दायरा | ९७.५-१०० |
| न्यूनतम सापेक्षित आर्द्रता (%) को दायरा | ४७.७-६०.९ |
| हावाको गति(मि/से)को दायरा | ०.५-३.५ |
| हावाको दिशाको दायरा | दक्षिण पूर्व- उत्तर पूर्व |

### १ माघ २०७२ देखि ०७ माघ २०७२ सम्मको मौसम विवरण

| विवरण | दिन (25 Dec 2015- 31 Dec 2015) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १/१०/२०७२ | २/१०/२०७२ | ३/१०/२०७२ | ४/१०/२०७२ | ५/१०/२०७२ | ६/१०२०७२ | ७/१०/२०७२ |
| बर्षा (मि.मी) | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.४ | ०.५ |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) | २४.३ | १३.१ | १९.५ | २२.० | १७.१ | १९.० | १४.० |
| न्यूनतम तापक्रम | ८.२ | ९.४ | ८.० | ३.६ | ६.० | ११.२ | ७.४ |
| अधिक्तम सापेक्षित आद्रता | ९७.६ | १०० | ९८.७ | ९९.० | ९४.७ | ९७.७ | १०० |
| न्यूनमत सापेक्षित आद्रता | ४५.६ | ८६.८ | ५९.३ | ४९.१ | ६९.४ | ६९.२ | ७०.० |
| हावाको गति m/s | ४.५ | ३.५ | १.५ | २.५ | ०.७५ | १.७५ | १.५० |
| हावाको दिशा | दक्षिण पूर्व | दक्षिण पूर्व | उत्तर पूर्व | दक्षिण पूर्व | उत्तर पूर्व | उत्तर पूर्व | उत्तर पूर्व |

## कृषि सल्लाह

**मौसम विश्लेषण :**

**गत हप्ताको समग्र मौसम विश्लेषण**

गत हप्ताको शुरुवातमा मौसम सफा रहेपनि साताको मध्यतिर बदलि रहयो तथा साताको अन्त्यतिर फाटफूट बर्षा समेत भयो र त्यसपछि शितलहरको प्रभाव देखियो । मौसममा आएको फेरवदलले दिउंसोको तापक्रम १०° सेल्सियस सम्मले र न्यूनतम तापक्रममा समेत केही गिरावट देखियो ।

**आउंदो हप्ताको मौसम अवस्था :**

आगामी हप्ता आकाश सफा रहे पनि साताको अन्त्यतिर आंशिक बदलि रहने तथा बर्षाको सम्भावना न्यून रहनेछ । साताको मध्यसम्म हुस्सु कुहिरोको प्रभावले गर्दा अधिकतम तापक्रम स्थिर रहने तर साताको अन्त्यमा तापक्रम केही बढ्ने सम्भावना छ । औसत सापेक्षिक आद्रैता ८० भन्दा माथि रहने छ ।

**१. मकै (हिउदे) बाली :**

० मकै रोपेको ४०-४५ दिन पछि सिंचाई गरी २.१ कजी युरिया मल प्रति कट्ठाका दरले टपड्रेस गर्नु उपयुक्त हुन्छ ।

**२. गहुँ**

० गहु खेतीबाट राम्रो उत्पादन लिनका लागि सिंचाई सुविधाको उपलब्धता हेरी १-५ पटकसम्म सिंचाई गर्नु पर्दछ ।

० गहुं लगाएको ३०-३५ दिन पुगेपछि झारपात नियन्त्रणको लागि सल्फोसल्फरान (कोस, लिडर) नामक ३३ ग्राम झारनासक विषादी ४०० लिटर पानीमा मिसाई प्रति हेक्टर स्प्रे गर्दा प्राय : झारहरु नियन्त्रण गर्न सकिन्छ । स्प्रे गर्दा फ्लेट फेन नोजलबाट झार पुरै भिज्ने गरी छर्नुपर्दछ ।

० पहिलो सिंचाई गरेको २-३ दिनपछि ३ के.जी युरिया मल प्रति कट्ठाको दरले टपड्रेस गर्नु पर्दछ ।

**३ तोरी :**

० ३०-४० प्रतिशत कोसाहरु खैरो पहेंलो रङ्गको भएपछि तोरीवालीको कटानी गरी ८-१० दिनसम्म सुकाउने अनि चुट्ने, केलाउने र सफा गर्ने । त्यसपछि दानामा ८-१० प्रतिशतसम्म चिस्यान नआउञ्जेल सुकाउने र सुख्खा ठाउंमा भण्डारण गर्ने ।

**४. मुसुरो :**

० हिउंदे बर्षा पछि सापेक्षित आद्रैता ८५% भन्दा बढी, २४ घण्टासम्म मुसुरो बालीका पातहरु चिसो भईरहेमा र ८ घण्टासम्म १०° सेल्सियस भन्दा कम तापक्रम भई रहेको खण्डमा मुसुरो बालीमा स्टेम्फैलम डढुवा रोग आउन सक्छ । त्यसकारण बालीलाई यो रोगबाट बचाउन समयमा नै ढुसीनासक विषादी मेन्कोजेव २ ग्राम प्रति लिटर पानीमा मिसाई ७-१० दिनको फरकमा छर्नु उपयुक्त हुन्छ ।

०बोट ओइलाउने रोगको रोकथामको लागि २ ग्राम वेभिष्टिन वा डेरोसाल(कार्वेन्डाजिम) प्रति लिटर पानीमा घोलेर अरहरको बोट भिज्ने गरी छर्कनु उपयुक्त हुन्छ ।

**५. अरहर :**

० कोसामा लाग्ने गवारो (पड बोरर) कीरा व्यवस्थापनको लागि १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा HaNPV (हेली एन.पि.भी) २५० LE को १.५ मिलि हालेर सांझाको समयमा स्प्रे गर्नुपर्दछ वा व्याकटेरिया जन्य (बी.टी) Bt (डाई पेल, बायो लेप) ३ ग्राम प्रति लिटर पानीमा मिसाएर सांझाको समयमा स्प्रे गर्नुपर्दछ । वा क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इसी ०.४ मिलि प्रति लिटर पानीमा मिसाईबोट भिज्ने गरी स्प्रे गर्नुपर्दछ ।

**६ फलफूल बाली**

० व्यवसायिक रुपमा आंप, लिची,कागती, अंगुर, अम्बा खेती गर्नु भएका कृषकहरुले आवश्यकता अनुसार कांटछांट गर्नु राम्रो हुन्छ । कांटछांट गरिएका हांगाहरुको घाउमा १०%बोर्डो पेष्ट लगाउनु पर्दछ । हरेक विरुवाको मूल काण्डमा जमीनबाट १०-२० सेमी जति माथिसम्म १०% बोर्डोपेष्ट लगाउने उपयुक्त समय हो ।

० सबै जातका फलफूलमा सबै प्रकारका प्रांगारिक तथा रासायनिक मलखातको सिफारिस मात्र दिने उपयुक्त सयम यही हो । मलखादमा मूल काण्डबाट कम्तीमा पनि २ फिट टाढा हुने गरी कुलेसो बनाई राखी माटोले पुरी सिंचाई गर्नु पर्दछ । सिंचाईको सुविधा नभएका कृषकहरुले मलखाद राखी सकेपछि खर, पराल, पात, पतिङ्गर, सुकेको बस्तुहरुको छाप्रो दिनु उपयुक्त हुन्छ ।

० आगामी हप्ता पनि चिसो यथावत् रहने तथा हुस्सु पनि लागिरहने हुंदा यसै बर्ष कागती खेती शुरु गर्नु भएका कृषकहरुले कागतीका पात र कलिला मुनालाई तुसारोबाट जोगाउन बांसको भाटालाई उल्टो अंग्रेजी (V) आकारमा गाडेर परालले छोप्नु पर्दछ ।

० आंपमा मालफर्मेसन देखिएका छन् भने रोगी कलिला हांगाहरु काटछांट गरेर जलाउनु पर्दछ । साथै १ ग्राम एन ए ए (न्याप्थालिन एसिटिक एसिड) प्रति लिटर पानीमा घोली बोटको पात भिज्ने गरी छर्नु पर्दछ । अन्यथा सूर्यको किरणले हर्मोनको असर निस्तेज गरिदिन्छ ।

० केरा खेती गर्नु भएका कृषकहरुले केरालाई चिसोबाट हुने क्षति कम गर्न १५-२० दिनको फरकमा हल्का सिंचाई गर्नु उपयुक्त हुन्छ ।

**७ आलु :**

**डढुवा रोगको व्यवस्थापन :**

**यो रोगको व्यवस्थापनको लागि अनुकूल वातावरण रहिरहेमा मेन्कोजेव युक्त कुनै पनि विषादी (डण्डोफिल एम ४५ डाइथेन एम४५ आदि) २.५ ग्राम प्रति लिटर पानीमा घोलेर प्रति कठ्ठा ३० लिटरको दरले बोटको सम्पूर्ण भाग भिज्ने गरी ७ दिनको अन्तरमा ४-६ पटक छर्नु पर्दछ । वा डाइमेथोमर्फ (एक्रोबेट) वा फेनामिडन तथा मेन्कोजेव युक्त मिश्रित (सेक्टिन) १.५ ग्राम प्रति लिटर पानीका दरले १० दिनको अन्तरमा ३-४ पटक छर्नु उपयुक्त हुन्छ ।**

**आलु भण्डारण विधि : आलुलाई अध्यारो, सुख्खा र चिसो (छोटो समयका लागि १०° सेल्सियस भन्दा कम र लामो समयको लागि तथा बीउ भण्डारणको लागि १-४° सेल्सियसमा) ठाउमा काठका बाकस, प्लाष्टिकका क्रेट या ज्याकमा फिंजाएर ३ तहसम्म मिलाएर राख्नु पर्दछ । यसरी राख्दा दुई तहको बीचमा पत्रिका ओछ्याएर राख्नुपर्दछ । लामो समयसम्म भण्डारण गर्नुपर्ने आलुलाई अध्यारो सुख्खा र चिसो कोठामा १०-१५° सेल्सियसमा २ हप्तासम्म नचलाईकन राख्नाले बोक्रा बाक्लिन्छ र दानामा रहेको रोगकीराले क्षति नपुऱ्याएका, चोटपटक नलागेका दाना भण्डारण गर्नुपर्दछ तर यस्ता दानालाई फ्रिजमा र डिपफ्रिजमा, अन्य फलफूलको नजिक भण्डारण गर्नु हुंदैन । र भण्डार गर्नु ठिक अघि पानीले पखाल्नु पनि हुंदैन ।**

**तरकारी बालीहरु :**

**गोलभेंडाको डढुवा :**

यसको व्यवस्थापनको लागि डढुवा प्रकोप आंकलन गर्न फिल्ड निरिक्षण गर्नु पर्दछ । यदि कम डढुवा प्रकोप कम छ भने मेन्कोजेव ७५% डब्लु.पि २ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्ने । यदि डढुवाको प्रकोप बढी नै छ भने किलाक्सिल एम.जेड ७२% प्रतिशत डब्लु पी.को धुलो २ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्ने ।

० काउली, बन्दा लगाएको ४५-५० दिन भईसकेको भएमा ७-१० ग्राम युरिया (१ चम्चा) बोटको वरिपरि घेरा बनाई राखी पुर्नु पर्दछ । दोस्रो टपड्रेस गरिसकेपछि सिंचाई गुर्न पर्दछ ।

० हिउंदे तरकारी बालीको जरा कुहिने रोगको व्यवस्थापन गर्न कार्वोनडाइजिम(वेभिष्टिन)५०% डब्लु पि.को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयरबाट बोट फेदभिज्ने गरी छर्नु पर्दछ ।

० खुर्सानीको फल लागिसकेको अवस्थामा पात तथा फलमा लाग्ने थोप्ले रोग ( सर्कास्पोरा र एन्थ्राक्नोज रोग) लाग्न सक्ने हुनाले वेभिष्टिन ५०% डब्लु. पि.को २ ग्राम प्रति लिटर पानीमा घोली पात तथा फल भिज्ने गरी छर्नु पर्दछ ।

० बेसार बाली लिन जग्गालाई हलो तथा कोदालोको सहायताले खनजोत गरी बेसारका पानाहरुलाई टिपी सफा गर्नु पर्दछ । यसबाट नयां र पुराना पानाहरु छुट्याउनु पर्दछ । छुट्याइएका पानाहरुलाई तामा वा माटोको भाडामा पानीले डुब्ने गरी राखी उमाल्ने, सामान्यतया ४०-६० मिनेट उमालेपछि सेतो बाफ र विशेष किसिमको गन्ध आउंछ । साथै नरम भएपछि पानीबाट निकाल्नु पर्दछ । यसलाई घाममा १०-१५ दिनसम्म उल्टाई पल्टाई गरी एक नासले सुकाउनु पर्दछ । यसरी सुकाईएको बेसार भांच्दा घातुको जस्तो आवाज आउनु पर्दछ । यसपछि यसलाई बजारमा पाना वा धुलो बनाएर बेच्न सकिन्छ ।

० फल दिने गोलभेडा र भेंडे खुर्सानीलाई अरु बाली भन्दा अलि बढि खाद्यतत्वको आवश्यकता हुने भएकोले पहिलो बाली टिपिएको हरेक १५-२० दिनको फरकमा युरि मल १० ग्राम प्रति बोटको दरले टपड्रेस गर्नु पर्दछ । यस्तै गरी सुक्ष्म खाद्य तत्व जस्तै मल्टिप्लेक्स/ट्रिप्लेक्स एग्रोमिनलाई २ एमएल प्रति लिटर पानीमा घोलेर बोटमा स्प्रे गर्नु पर्दछ ।

**अन्य**

० सापेक्षिक आर्द्रता घटबढ भईरहने हुनाले घरमा भण्डारण गरिएको खाद्यान्न तथा बीउलाई रोग तथा कीराबाट बचाउन समय समयमा हेरचा गर्नु उपयुक्त हुन्छ ।

० खेतबारीमा देखिने सबै कीराहरु हानिकारक हुंदैनन् । तसर्थ कीरा देखिने वित्तिकै विषादीको प्रयोग नगरौं । मित्रजीव कीराहरु जस्तै माकुरा, गाईने कीरा, सात थोप्ले, खपटे कीरा, बारुला, नमस्ने कीरा( प्रेइङ्ग मेन्टीड) देखिएमा तिनीहरुको संरक्षण र संबर्द्धन गरौं ।

० मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नु पर्छ । चिसो बढ्ने क्रम जारी भएकोले मौरी घारलाई चौतिरबाट प्लाष्टिकले बेरर राख्नु पर्दछ ।

**घांसेबाली :**

० छरेको ३०-४० दिनमा जै/बर्सिम घांसमा १.२ केजी युरिया प्रति कट्ठाको दरले टप ड्रेसिङ गरी सिंचाई गर्नु उपयुक्त हुन्छ । साथै जै घांसको प्रत्येक कटाई पश्चात युरिया टप ड्रेसिङ गरी सिंचाई गर्नु उपयुक्त हुन्छ ।

# माडीमा वीउविजन भण्डार घर

चितवन । उन्नत जातका खाद्यान्न वालीका विउहरु उत्पादन गर्ने लक्ष्य सहित माडीमा 'विउविजन भण्डार घर' बन्ने भएको छ । भण्डार घरको सांसद डिआर पौडेलले शिलान्यास गरेका छन् ।

माडी बरुवा स्थित किसान जागृती विजवृद्धि समुहले यूएनडीपिको सहयोगमा 'विउविजन भण्डार घर' बनाउन लागेको हो । समुहले धान, गहु, मकै, तोरि, मुसुरोको उन्नत जातको मूल विउ उत्पादन गर्ने लक्ष्य लिएको छ । किसान जागृती समुहका अध्यक्ष देवेन्द्र पौडेलले किसानहरुलाई उन्नत जातका खाद्यान्न वाली खेती गर्न अग्रसर गराउने गरि विउविजन घर बनाउन लागिएको बताए । प्रति केजीमा झण्डै चार रुपैया बढी किसानले पाउन सक्छन, उनले भने, किसानहरु छनौट गरि उन्नत जातका विउविजन उत्पादन गरिनेछ ।

पौडेलले सो घरमा निर्माण भएलगत्तै २० टन विउ सुरक्षित रुपमा भण्डारण गर्न सकिने बताए । भवन निर्माण सम्पन्न हुदा १९ लाख २७ हजार खर्च हुने अनुमान छ । किसान जागृती समुहका सचिव यज्ञप्रसाद तिवारीले हाईब्रीड जातका विउले उत्पादकत्व समेत बढ्ने भएकाले समुहले किसानहरुलाई परिचालन गर्ने लक्ष्य लिएको बताए । आफ्नै माटोमा उत्पादन भएको विउ प्रयोग गर्ने अवस्था निर्माण गर्दैछौं, उनले भने, निर्वाहमुखि उत्पादनलाई व्यवसायीकता दिने प्रयास हो । राम्रो विउ छनौट हुन नसक्दा उत्पादनमा कमि आउने भएकाले आफनै जमिनमा स्तरीय विउ उत्पादनमा जोड दिने उनको भनाई छ । निश्चित मापदण्ड पुरा गरि विज्ञले सिफारिस गरेपछि विउ संकलन गरिनेछ, उनले भने, प्रमाणीकरण भएका विउविजन मात्र किसानलाई सिफारिस गर्ने संयन्त्र बलियो बनाइनेछ । कृषि कार्यालयको सहयोगमा विउविजन कम्पनीले प्रमाणीकरण गर्नेछ । समुहले सुरुमा माडीकै किसानहरुलाई विउविजन उत्पादनका लागि छनौट गर्नेछ । उनले भने, मूल विउ सहि भएमा उत्पादनमा समेत वृद्धि हुन्छ । समुहले २२ जना किसानहरुलाई छनौट गरि ३० टन सावित्री धानको मूल विउ उत्पादन गरिएको छ ।

जिल्ला कृषि विकास कार्यालयको तथ्याङक अनुसार जिल्लामा विउविजन उत्पादन गर्ने समुह, कृषक सहकारी, उद्यमीको संख्या १८ रहेको छ । जिल्लाबाट वार्षिक पाच हजार मेट्रिक टन खाद्यान्न वालीका विउहरु उत्पादन हुदै आएको पाइन्छ । जिल्ला कृषि विकास कार्यालय चितवनका प्राविधिक सहायक नोदनाथ लामिछानेले विउ विजनका लागि कार्यालयले स्रोत व्यवस्थापन, मेसीनमा अनुदान, विउपूजी, मेसीनरी औजार व्यवस्थापनमा सहयोग पुऱ्याउदै आइरहेको बताए ।

# बधशालादेखि भान्छासम्म सफा र स्वस्थ मासु



म्याग्दी । कृषि विकास मन्त्रालयबाट विभाजन भएको पशुपंक्षी विकास मन्त्रालयका मन्त्री, राज्य मन्त्री एवं सचिवहरु समेत यतिबेला मन्त्रालयमा देख्न सकिंदैन । मन्त्री देखिराज्य मन्त्रीसम्म देश दौडाहा गएको देखिन्छ । पशुपंक्षी मन्त्री शान्ता मानवी र सचिव डा. कृष्णचन्द्र पौडेल सुदुरपश्चिम भ्रमणमा सकाएर फर्केका छन् । त्यसैगरी पशुपक्षी विकास राज्यमन्त्री नरदेवी पुनले पनि पश्चिमाञ्चल भ्रमणबाट फर्केकी छिन् । पशुपंक्षी विकास मन्त्रालय यतिखेर मासुजांच ऐन २०५५ लाई कसरी कार्यान्वय गर्ने भन्ने पक्षमा प्रतिवद्ध भएर लागिरहेको देखिन्छ । मन्त्रालय विभाजन पश्चात यसलाई पुन एकीकरण हुन नदिन पनि मन्त्रालयका सचिवदेखि ग्रामिणतहसम्मका कर्मचारीहरु लागिरहेका छन् ।

त्यहीभएर होला पशुपंक्षी राज्य मन्त्री नरदेवी पुनले मासुजन्य बस्तुलाई स्वच्छ बनाउनका लागि 'बधशालादेखि भान्छासम्म सफा र स्वस्थ मासु' अभियान सञ्चालन गरिने घोषणा म्याग्दीमा पुगेर गरेकी छिन् । म्याग्दीको बेनीमा पुगेर राज्यमन्त्री पुनले सफा र स्वस्थ्य मासु उपभोग गर्ने वातावरण तयार गरी जनस्वास्थ्यमा सुधार ल्याउन मन्त्रालयले यस्तो अभियान सुरु गर्ने तयारी गरेको खुलासा गरेकी छिन् । पशु बध गर्ने स्थल, मासु पसलदेखि उपभोक्ताले उपभोग गर्ने तरिका स्वस्थ्य र सफा हुन जरुरी छ"(राज्यमन्त्री पुनले भनिन् । "सफा र स्वस्थ्य मासु उपभोग गर्ने अवस्था भएमा मात्रै धेरै रोग न्यूनीकरण गर्न सहयोग पुग्ने मात्र होइन, नेपालमा उत्पादित मासुको अन्तर्राष्ट्रिय बजार विस्तार हुन सक्छ ।" उनको तर्क थियो ।

बधशाला र मासु पसल सुधार गर्न मन्त्रालयको उच्चस्तरीय टोली र जिल्लामा पशु सेवा कार्यालयको नेतृत्वमा नियमित अनुगमन संयन्त्र तयार गर्न लागिएको छ ।

# दाङ त्रिपुरका किसान उखु खेतीमा आकर्षित

दाङ । उखु खेतीबाट त्रिपुर नगरपालिका(४ स्यानी गाउाका स्थानीय बासिन्दाले राम्रो आम्दानी लिन थालेका छन् । उनीहरूले आफनो बारीमा लगाउने उखु खेतीबाट आएको आम्दानीबाट आत्मनिर्भर हुादै आएको किसानको भनाइ छ । किसानले अन्यखेती नहुने स्थानमा उखुखेती गदै आएको बताउाछन् । उक्त स्थानमा रहेका करिब ४५ घरपरिवारले आ-आफनो बारीमा उखुखेती गर्ने गरेका छन् । स्थानीय कृषक रामबहादुर थारुका अनुसार गाउाका सबै मानिस उखुखेती गर्ने गरेका छन् ।



थारुका अनुसार कम खर्च थोरै मेहेनत र थोरै लगानीमा पनि उखुखेती हुने भएकाले पनि कृषक उखुखेती तर्फ आकर्षित भएका छन् । उनीहरूले उत्पादन गरेको उखुलाई जिल्लाका विभिन्न स्थानमा लगेर बिक्री गर्ने गरिएका छ । खासगरी जिल्लामा विभिन्न स्थानमा चार्ड पर्वको अवसरमा लाग्ने मेला महोत्सवमा उखु बिक्री गरिने गरिन्छ । उखु बिक्रीबाट गतवर्ष मात्र रु तीन लाख आम्दानी गरेको उनको भनाइ छ । मल, सिाचाइ कम लाग्ने र एक पटक लगाए दुई/तीन वर्षसम्म लगाउनु नपर्ने यो खेती सहज भएको उनको भनाइ छ ।

त्यो व्यवसायबाट आफनो घरखर्च, छोराछोरी पढाउने गरेको उनी बताउंछन् । त्यस्तै सोही ठाउाका विक्रम चौधरीले पनि उखुखेतीबाट राम्रो आम्दानी हुने गरेको बताए । 'सानो रकमबाट सुरु गरेर राम्रो आम्दानी गर्ने सकिने भएको छ उखु खेतीबाट चौधरीले भने । उनका अनुसार सानो रकम र उखु नगदेबाली भएकोले राम्रो आम्दानी लिन सकिने गर्छ ।

# ऐन कार्यान्वयन नहुंदा अस्वस्थ मासु खान उपभोक्ता बाध्य

सत्र वर्षअघि बनेको पशु बधशाला तथा मासु जााच ऐन कार्यान्वयन नहादा उपभोक्ता अस्वस्थ मासु उपभोग गर्न बाध्य छन् । पशुको ओसारपसार, बध र बिक्रीसम्बन्धी ऐननियम कार्यान्वयन हुन नसक्दा उपभोक्ता दूषित मासु खान बाध्य भएका हुन् । विसं २०५५ मा बनेको पशु बधशाला तथा मासु जााच ऐन कार्यान्वयन नहादा दूषित मासु किनबेच रोकिन सकेको छैन । ऐनमा भएका व्यवस्था कागजमै सीमित हादा उपभोक्ता अस्वस्थ मासु उपभोग गर्न बाध्य भएका उपभोक्ता हकहित संरक्षण मञ्च म्याग्दीका अध्यक्ष ठहरबहादुर भण्डारीले बताउछन् ।

"मासुको प्रयोजनका लागि पशुपक्षीको ओसारपसार, बध र मासु पसल सञ्चालनका क्रममा सरसफाइ र सुरक्षित भण्डारणमा ध्यान दिइएको पाइादैन," अध्यक्ष भण्डारीले भन्छन्( "सरकारी निकायको उदासीनता, समन्वयको कमी र पूर्वाधारका अभावमा अस्वस्थ मासुको उपभोग बेरोकटोक भइरहेको छ ।"

म्याग्दीका मासु व्यवसायीले मासुका लागि पशुपक्षीको ओसारपोसार गर्दा स्वास्थ्य परीक्षण गर्ने प्रावधान पालना नगरेका जिल्ला पशु सेवा कार्यालयले जनाएको छ । रागो, भैसी, खसीबोका र कुखुरा बध गर्ने स्थल फोहर र प्रदूषित छन् । केही मासु पसलले सरसफाइ गर्न र डिफ्रिजमा राखेर मासु बेच्न सुरु गरे पनि धेरैजसो पसलले सामान्य मापदण्डसमेत पूरा नगरेको कार्यालय प्रमुख वरिष्ठ पशु चिकित्सक दयाराम चापागाईले बताउंछन् ।

फोहर र दूषित मासुमा साल्मोनेला, इकोलाई जस्ता मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने जीवाणु हुने गर्छ । यसले गर्दा पशुबाट मानिसमा रोग सर्ने र स्वास्थ्यमा असर पार्ने खतरा हुन्छ । अध्ययनबाट मानिसमा सर्ने रोगमध्ये ७५ प्रतिशतको कारण पशुपक्षी र तिनका मासु नै भएको देखिएको छ । विसं २०५५ सालमा बनेको ऐनमा पशुपक्षी बध गर्नुपूर्व स्वास्थ्य परीक्षण गर्नुपर्ने प्रावधान छ । अत्याधुनिक बधशालामा काटेको निरोगी पशुका मासु गुणस्तर परीक्षण गरी कम्तीमा माइनस १० डिग्री सेल्सियसको तापक्रममा २४ घन्टा डिप फ्रिजमा राख्नुपर्दछ । यसरी डिप फ्रिजमा राखिएको मासु मात्र बिक्री गर्न पाइने प्रावधान छ । "भैसी र रागो ओसारपसार तथा बध गर्ने क्रममा स्वास्थ्य परीक्षण गराउने भए पनि खसी, बोका, बाखा, कुखुरा र बङ्गुरको स्वास्थ्य परीक्षण गराउादैनन्," वरिष्ठ पशु चिकित्सक चापागाईंले भने( "जिल्लामा नेपाल भेटेरिनरी काउन्सिलबाट अनुमति पाएका पशु चिकित्सक कम भएकाले पनि पशुपक्षीको स्वास्थ्य परीक्षण गराउन समस्या भएको छ ।"

म्याग्दीको सदरमुकाम बेनीमा रहेका मासु पसल केही व्यवस्थित बन्दै गए पनि सिङ्गा तातोपानी, गलेश्वर, बाबियाचौर, दरवाङ, भुरुङ तातोपानी, तिप्ल्याङ, ताकम, दानालगायत प्रायःजसो गाउामा खोलिएका फ्रेस हाउसले सामान्य मापदण्ड पनि पालना गरेको पाइादैन । बेनीमा रहेको रागो बध गर्ने स्थल पनि फोहर र दूषित छ । खसीबोका र कुखुरा मासु व्यवसायीले आफूलाई अनुकूल हुने ठाउामा असुरक्षित तरिकाले पशु बध गर्दै आएका छन् । सदरमुकाम बेनीमै ढुवानीको क्रममा मरेका कुखुरा र कुहिएको अस्वस्थ्यकर मासु पनि बिक्री भएको पाइएको छ । गत असोजमा बैंकरोडको बेनी मिट सप्लायर्समा बिक्रीका लागि राखिएको तर कुहिएर सडेको अवस्थामा रहेको साढे १९ किलोग्राम कुखुराको मासु जफत गरेर नष्ट गरिएको थियो ।

माघ ६ गते चितवनबाट गाडीमा ल्याउादै गर्दा मरेका कुखुरालाई खुइलाएर मासुका लागि बेच्ने तयारी गरिरहेको अवस्थामा बेनीको हाांडेभिरबाट दुईजना मासु व्यवसायी पक्राउ परेका थिए । हांडेभिरको रोशनी फ्रेस हाउसका सञ्चालक २८ वर्षीय प्रेमचन्द्र साह र २४ वर्षीय कृष्ण गुप्ताको साथबाट ५० वटा कुखुराको १२७ किलोग्राम अस्वस्थ मासुसमेत बरामद गरिएको छ । भारतको बेतिया थाना मझौला गाविस सेक्टर १६ का साह र गुप्तालाई प्रहरीले उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड गरेको अभियोगमा मुद्दा चलाउने तयारी गरेको प्रहरी नायब उपरीक्षक विश्वराज खड्काले जानकारी दिए ।

ऐन कार्यान्वयन नभएपछि अस्वस्थ र गुणस्तरहीन मासु बिक्री गर्नेलाई कानुनी कठघरामा उभ्याउन सकिएको छैन । जिल्ला प्रशासन कार्यालय, प्रहरी र पशु सेवा कार्यालयले समयसमयमा गर्ने अनुगमन पनि औपचारिकतामै सीमित हुने गरेको उपभोक्ता हकहित संरक्षण मञ्चका अध्यक्ष भण्डारीले बताए । सरकारी निकायकै बेवास्ताका कारण मासु व्यवसायीको लापरबाही र मनोमानी बढेको उहाको गुनासो छ । मासु व्यवसायीले भने आफूहरूलाई दुःख दिनुभन्दा पहिले व्यवस्थित बधशालालगायतका पूर्वाधारको तयार गर्न ध्यान जानुपर्ने बताइएका छन् । जिल्ला पशु सेवा कार्यालय म्याग्दीका प्रमुख वरिष्ठ पशु चिकित्सक दयाराम चापागाई ऐन कार्यान्वयन नहुनुमा स्थानीय निकाय जिम्मेवार रहेको दाबी गर्दछन् । उनका अनुसार व्यवस्थित बधशाला र पशुपक्षीको स्वास्थ्य परीक्षणमा खटिने जनशक्तिको अभाव हुनु, स्थानीय निकाय जनप्रतिनिधिविहीन हुनु र सरोकारवाला निकायबीच समन्वय नहुनु जस्ता कारण ऐन कार्यान्वयन हुन नसकेको हो ।

स्थानीय निकाय स्वायत्त शासन ऐनले नगरपालिका वा गाविस क्षेत्रमा बधशाला निर्माण, मासु पसल दर्ता, मासुको गुणस्तर निर्धारण, अनुगमन तथा परीक्षण गर्ने जिम्मेवारी स्थानीय निकायलाई नै दिएको छ । देशभर अहिले मकवानपुरको हेटौडा नगरपालिकाले मात्रै मापदण्ड अनुसारको बधशाला निर्माण गरेको छ । म्याग्दीमा अहिलेसम्म २४ वटा मात्रै मासु पसल दर्ता भएका छन् । सदरमुकाम बाहिरका बजारमा सञ्चालित मासु पसल कानुनी दायरामा आउन सकेका छैनन् । पशु सेवा कार्यालयको तथ्याङ्कअनुसार म्याग्दीमा वार्षिक एक हजार ८०६ मेट्रिक टन मासु खपत हुन्छ । वर्षौंसम्म पनि बधशाला तथा मासु जााच ऐन कार्यान्वयन हुन नसकेपछि सरकारले 'बधशालादेखि भान्छासम्म सफा र स्वस्थ मासु' अभियान चलाउने तयारी गरेको छ । नवगठित पशुपक्षी विकास मन्त्रालयका राज्यमन्त्री नरदेवी पुनले उपभोक्ता हितका लागि बधशाला र मासु पसललाई सुधार गर्न अभियान सञ्चालन गर्न लागिएको जानकारी दिएकी छिन् । मन्त्रिस्तरमा निर्णय भएर कार्यविधि तयार पार्न लागिएको उनको भनाइ छ । राज्यमन्त्री पुनका अनुसार राजधानीमा मन्त्रालयको उच्चस्तरीय टोली र जिल्लामा पशु सेवा कार्यालयको नेतृत्वमा मासु पसल तथा बधशालाको नियमित अनुगमन संयन्त्र तयार गर्न लागिएको छ । यो उत्साहप्रद कदम हो । – सन्तोष गौतम

# व्यवसायिक केरा खेतीमा नयाँ रोग

बुटवल । रुपन्देहीको दयानगर गाविसका किसान बसन्त भुषालले गरेको व्यसायीक केरा खेतीमा नयाा रोग लागेको छ । रुपन्देहीमा पहिलो पटक पहिचान नभएको रोग भेटिएको हो । जिल्ला कृषि विकास कार्यालय रुपन्देहीका प्रमुख बरिष्ठ कृषि विकास अधिकृत भोजराज सापकोटाका अनुसार किसान बसन्त भुषालले साढे सात विघा क्षेत्रफलमा व्यवसायिक रुपमा गरेको केरा खेतीमा पहिचान हुन नसकेको रोग देखा पारेको जानकारी दिए । ग्रान्ड नैनी जातको केरामा यस्तो समस्या देखिएको हो ।

कार्यालय प्रमुख बरियठ कृषि विकास अधिकृत सापकोटा भन्छन् केही दिन पहिला केराको नयां पालुवा पलाउदै कालो हुने र मर्ने गरेको समस्या देखिएको हो । उनले यस्तो समस्या पहिलो पटक रुपन्देहीमा देखिएको बताएका छन् ।

किसानले यस्तो समस्या देखिएको जानकारी कृषि विकास कार्यालयमा गराएपछि जिल्ला कृषि विकास कार्यालयको टोली दयानगर पुगेर समस्याको बारेमा जानकारी लिएको थियो । के कारणले कुन रोग लागेको हो भन्ने विषयमा अनुसन्धानको लागि नमुना परिक्षण(स्पाम्पल टेस्टीङ्ग) गरिएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ । जिल्ला कृषि विकास कार्यालयमा रहेको ल्यावमा टेस्ट गरेपछि पुन परिक्षणको लागि क्षेत्रीय कृषि विज्ञान प्रयोगशालामा पठाइएको छ ।

यसको अलवा राष्ट्रिय गहुंवाली अनुसन्धान केन्द्र भैरहवामा समेत परिक्षणको लागि पठाइएको छ । परिक्षणको रिपोर्ट अहिले नआएको र परिक्षणको रिपोर्ट आएपछि के कति कारणले कस्तो प्रकृतीको रोग लागेको हो भन्ने विषयमा जानकारी हुने जिल्ला कृषि विकास कार्यालय रुपन्देहीका प्रमुख बरिष्ठ कृषि विकास अधिकृत सापकोटाले जानकारी दिए ।

रुपन्देहीमा केरा खेतीको लागि उच्च उत्पादन लागत, हावाहुरीको जोखिम व्यवस्थापन गर्न नसक्दा कम आकर्षण, गुणस्तरीय बेर्नाको उपलब्धतामा कमी, उत्पादनको विविधकरण हुन नसक्न जस्ता समस्या तथा चुनौतीहरु रहेका छन् ।

रुपन्देहीमा व्यवसायिक केरा उत्पादन प्रबर्द्धनका लागि प्राथमिकता



प्राप्त कार्यक्रम निजी क्षेत्रको साझेदारीमा टिस्यू कल्चर प्रविधिबाट केराको बेर्ना उत्पादन गर्ने पूर्वाधार विकास गरी बेर्ना उत्पादनमा आत्म निर्भर बनाउने, झापाली मालभोग केरालाई प्रबर्द्धन गर्ने लगायतका कार्यक्रमहरु अगाडी सारिएको छ ।

जिल्ला कृषि विकास कार्यालय अनुसार हावाहुरीको जोखिम व्यवस्थापन गर्न उत्पादनमा आधारित क्षतिपूर्ति सहितको बाली बीमाको व्यवस्था एवम् प्राविधिक व्यवस्थापन, मूल्य,उत्पादक तथा व्यवसायिकहरुको साझेदारीमा केराको परिकारहरुमा विविधिकरण एवम् बजारीकरण, व्यवसायिहरुको साझेदारीमा केराको रेशा उत्पादन गर्ने प्रशोधन मेशिन एवम् उद्योगको स्थापना (७५ प्रतिशत अनुदानमा) लगायतका कार्यक्रम समेत अगाडी सारेको छ। रुपन्देहीमा २ सय हेक्टरमा केरा खेती तथा फलफुल खेती गरिदै आएको छ। - कृष्ण खनाल

# सूचना ! सूचना !! सूचना !!!

## च्याउ मेला कृषि प्रर्दशनी –२०७२

मिति २०७२ साल माघ १५-१७ गतेसम्म सत्कर्म महिला कृषि सहकारी लुभू, ललितपुरको आयोजना तथा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमको प्रायोजनमा लुभू गाविस महालक्ष्मी क्याम्पस प्राङ्गणमा च्याउ मेला कृषि प्रर्द्रशनी २०७२ हुने भएको हुंदा आफूले उत्पादन गरेको च्याउ लगायतका अन्य उत्कृष्ट कृषि जन्य उत्पादनहरु प्रर्दशन गराई पुरस्कृत हुने सवर्ण अवसर नगुमाउनु हुन सम्पूर्ण कृषक, उद्यमी व्यवसायी दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक अनुरोध छ ।

प्रर्दशनी हुने स्थान : महालक्ष्मी क्याम्पस प्राङ्गण, लुभू देवीस्थान
च्याउ कृषि उपज दर्ता गर्ने मिति : २०७२ माघ १३ गतेसम्म
समापन तथा पुरस्कार वितरण : २०७२ माघ १७ गते ।

च्याउका कृषि कितावहरु वितरण

**फोटो प्रर्दशनी**

कन्ये च्याउ बनाउन चाहिने सामग्रीहरु
गोव्रे च्याउ बनाउन चाहिने सामग्रीहरु
सिताके च्याउ बनाउन चाहिने सामग्रीहरु
रातो च्याउ बनाउन चाहिने सामग्रीहरु
च्याउका बारेमा आवश्यक जानकारी सहितका फ्लेक्सहरु

**आयोजक**
**सत्कर्म महिला कृषि सहकारी लुभू,ललितपुर**

**प्रायोजन**
कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम,
हरिहरभवन, ललितपुर

**सम्पर्क**
९८४१५३१७६९
९८४१५०६१४६
९८४३४९८०६८
९८४३१०८४७५

# नेपालको संविधानमा आदिवासी जनजातिको अधिकार

**नेपालको संविधानमा आदिवासी जनजातिको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ।**

- समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- जातिय, क्षेत्रीय र भाषिक विभेदको अन्त्य गर्ने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति वा अन्य कुनै आधारमा भेदभाव नगरिने,
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका आदिवासी, आदिवासी जनजाति लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका, आदिवासी, आदिवासी जनजाति समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने,
- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने ।
- आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बााच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- आदिवासी जनजातिसाग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने ।
- आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने ।
- राज्यको संरचना गर्दा समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी आधारमा गर्ने ।
- संवैधानिक निकायको रुपमा नेपालमा एक आदिवासी जनजाति आयोग रहने ।
- नेपाली सेनामा आदिवासी जनजाति समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

**नेपाल सरकार**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
**सूचना विभाग**

# कोदोले बजार नपाउंदा कृषक चिन्तित

पर्वत । पर्वत जिल्लामा धान र मकैपछिको तेस्रो मुख्य बालीको रुपमा रहेको कोदोले बजार नपाउादा यहााका कृषक चिन्तित बनेका छन् । धानभन्दा कोदो बढी उत्पादन हुने जिल्लाको फलेवास क्षेत्रका सबै कृषक कोदो बिक्री नभएर चिन्तित बनेका छन् । पुरानो कोदो बिक्री भएको छैन तर नयाा कोदोको फसल लिइसक्दा पनि गत बजार पाइएको छैन । जिल्लाका ५५ वटै गाविसमा कोदो अत्यधिक मात्रामा उत्पादन हुने भएपनि यकिन तथ्याङ्क भने उपलव्ध हुनसकेको छैन । बजार क्षेत्रमा कोदोको प्रयोग वृद्धि हादैं गएपनि ग्रामीण क्षेत्रमा भने यसको कमै मात्र प्रयोग हुने हुनाले बिक्री नभएको हो । वार्षिक २५ हजार मेट्रिक टनभन्दा बढी कोदो उत्पादन हुने अनुमान जिल्ला कृषि विकास कार्यालयको छ । गत वर्षकै कोदो बिक्री नभएकाले यस वर्षको कोदो पनि थन्क्याएर बस्नुपर्ने अवस्था आएको कृषकले बताएका छन् ।



'यस वर्षको कोदो तयार गरेर भकारीमा राखिसकेका छौा, गत तीन वर्षयताको कोदो भकारीमै छ,' लाखुदेउराली( २ की कृषक सरस्वती अधिकारीले भनिन् 'वर्षभरि दुःख गरेर उत्पादन गरेको कोदोले बजार पाएन ।' कोदो फल्ने क्षेत्रमा धान बाली लगाउन पनि सकिदैन । उत्पादनका लागि निकै झन्झटिलो मानिएको कोदोले स्थानीय बजारमा उचित मूल्य नपाउने र सहर बजार पुऱ्याउादा बिक्री भएको मूल्यले ढुवानीसमेत नउठ्ने गरेको उनको भनाई रहेको छ । अहिले एक पाथी कोदाको मूल्य रु १२० रहेको छ । ग्रामीण क्षेत्रमा गाईवस्तुलाई दानाको रुपमा प्रयोग गर्ने गरिएपनि मानिसले भने कमै उपभोग गर्ने गरेको पिपलटारीका गणेश पौडेलले बताउ । खानिगाउा(४ झकलकका कृषक सरिता सुवेदील भनिन् 'गत वर्षको कोदोले भकारी टम्म छ । यस वर्षका लागि कोदो राख्ने अर्को भकारी बुन्नुपर्ने अवस्था छ ।' सिचाइको सुविधा नभएको क्षेत्रमा कोदो अत्यधिक मात्रामा उत्पादन हुने स्थानीय हरिप्रसाद शर्माले बताए । स्वास्थ्यका दृष्टिले उपयोगी र पोसिलो भएपनि यहााका सर्बसाधारणले कोदोको कम प्रयोग गर्ने गरेको स्थानीय रामप्रसाद सापकोटाले जानकारी दिए ।



# Agriculture secretaries of 12 states to meet soon on drought

NEW DELHI: The Centre today told the Supreme Court that agriculture secretaries of 12 drought-hit states will meet in Delhi on January 25 and 27 to discuss steps to be taken to provide relief to the farmers and others affected.

A bench of justices Madan B Lokur and R K Agrawal was informed this by Solicitor General Ranjit Kumar in pursuance to the apex court's January 18 direction asking the Centre to apprise it about the current status of welfare schemes like MGNREGA, National Food Security and mid-day meal in the 12 drought-hit states across the country.

Posting the matter for February 1, the court also asked the Solicitor General to inform it about the steps that have been taken and those proposed to be taken in these states. "We hope that the states will take positive and necessary steps particularly in view of our last order of January 18," it said. The bench had then asked the authorities to specify the criteria for declaration of the drought and had sought information about rainfall in these states.



The bench was hearing a PIL which alleged that parts of 12 states of Uttar Pradesh, Karnataka, Madhya Pradesh, Andhra Pradesh, Telangana, Maharashtra, Gujarat, Odisha, Jharkhand, Bihar, Haryana and Chattisgarh were hit by drought and the authorities were not providing adequate relief.

The Centre had told the apex court that these states have been provided financial aid from State Disaster Relief Fund (SDRF) and the National Disaster Relief Fund (NDRF).

Funds to the tune of over Rs 1,500 crore, Rs 1,276 crore, Rs 2,032 crore, Rs 3,044 crores have been made available to Karnataka, Chattisgarh, Madhya Pradesh and Maharshtra respectively, it had said, adding that for 2015-20, a total fund of Rs 61,291 crore has been earmarked to provide relief to the states which may be hit by disasters.

# Russian ruble keeps on falling, hits new record low

Moscow, Jan — The Russian ruble has hit another historic low against the dollar as oil prices continue to slide due to a surplus of crude oil on world markets.

The ruble traded above 85 to the dollar for the first time in Moscow early Thursday afternoon, a fall of more than three percent, which beat the previous low of 82.4 to the dollar set in trading Wednesday evening.

Thursday's slip means the ruble is at its lowest level since the currency was redenominated in 1998, during Russia's worst post-Soviet economic crisis. President Vladimir Putin's spokesman Dmitry Peskov, however, said the situation was not critical.

"I wouldn't use the word 'collapse.' The rate is really changing, the rate is volatile, but it's far from a collapse," he said Thursday in comments reported by Russian news agencies. Putin has no plans for any emergency meetings, he added.

The steep decline in oil prices— now at a 12-year low below $28 a barrel— has been a severe blow to Russia's oil-dependent economy. The ruble's new lows this week follow the lifting of international sanctions against Iran, which increases the supply of oil on global markets.

The IMF predicted Tuesday that Russia's economy will contract 1 percent in 2016 following a fall of 3.7 percent last year, before returning to 1 percent growth next year.

In the Central Asian nation of Kazakhstan, another major ex-Soviet oil producer, the tenge currency fell to a record 383.91 against the dollar Thursday as the economy feels the pressure of low energy price.

# Export of ginger to India declined by 62 per cent

Ilam, Jan : Export of ginger to India from Ilam district has declined by 62 per cent this year as compared to previous year, due to border blockade.

The district exported ginger worth Rs 690 million to India this year against RS 3.21 billion. Out of 45,994 metric tonnes of ginger produced in the district this year, only 18,398 metric tonnes was exported, according to the District Agriculture Development Office.

Information Officer Prakashmani Kafle said that the price of ginger has also decreased by 50 per cent as compared to previous year.

The ginger was produced on 3,233 hectares of land in the district and Irautar, Barbote, Namsalin, Ektappa, Shantidanda, Danabari, Laxmipur, Mangalbare, Dhuseni and Phikkal VDCs are known as pocket area for ginger production.

# Agriculture Dev Bank to invest further investment in agro sector

Kathmandu,Jan : The Agriculture Development Bank is to invest special investment for the commercialization and modernization of agriculture of 14 quake-hit districts. The Bank has Rs 13 billion as authorized capital and Rs 9.86 billion as current capital.

At a programme organised on the occasion of 49th anniversary of the Bank here today, it was informed that a total of Rs 617 billion has been invested so far. Established on January 21, 1968, the Bank was transformed into company on 27 June, 2005.

Addressing the anniversary ceremony, Minister for Finance Bishnu Prasad Poudel urged the Bank to increase investment in the agriculture sector as the government has the policy to commercialization and modernization the agro sector.

Stating that the government was alert not to let the



country's economy towards negative path due to earthquake and border blockade, Finance Minister Poudel stressed that the bank should maintain further financial good governance for the same. He said, "The Agriculture Development Bank should be made service recipient and information technology-friendly." The Finance Minister further said that there would be favourable of the employees working in banks only in financial progress of banks.

On the occasion, Minister Poudel unveiled a journal titled "Bank News" published on the occasion of anniversary.Similarly, Nepal Rastra Bank Governor Dr Chiranjivi Nepal said that additional financial resources should be pumped in for the development of agro, industry, tourism, energy and infrastructure sectors in competitive cost for the sustainable and high economic growth of the country.

He said that the service provided by the Bank to entrepreneurs of rural areas and farmers was significant.

Likewise, Chief Executive Officer at the Bank, Leela Prasad Sitaula, said that the Bank has the policy of collaborating the programmes brought targeting the poor people by the government.

# Winter chill brings warm glow of optimism for rabi crop

NEW DELHI: Warmer winters till mid-January had caused concerns for the rabi crop, but the return of chill and rains in northern and northeastern parts of the country have raised hopes for the farm sector.

Though the sown area under rabi crops continued to be less as on Friday as compared to the corresponding period last year, rains in coming days as predicted by the India Meteorological Department (IMD) will impact the sowing operation positively.An encouraged agriculture ministry on Friday said the sowing process of pulses was still on and the overall sown area is likely to be increased.

"During the second fortnight of December and by January 10, the average temperature in some states in north India generally has been 2-3-degrees celsius more.

## कुहिएको...

कुनै एउटा कार्यक्रममा आफैले पार्टी प्यालेसले प्रयोग गरेको मासु कुहिएको र गुणस्तरहिन भोग्नु परेको तितो अनुभव सुनाउँदै महानिर्देशक प्रेमीले त्यस्ता गुणस्तरहिन मासु बिक्री वितरण रोक्न लागि आफूहरु प्रतिवद्ध भएर लागेको र प्रहरी सहायताबाट अभ्र कडाई गर्ने समेत बताए ।

सो छलफल कार्यक्रममा काठमाडौं महानगरपालिका जनस्वास्थ्य तथा समाज कल्याण विभागका प्रमुख हरिकुमार श्रेष्ठले काठमाडौं महानगरपालिका क्षेत्रभित्र पशुबधशाला र मासु पसलहरुका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

## मार्ग..

विकास मन्त्रालयको सभाकक्ष योजना महाशाखाले आयोजना गरेको आगामी बर्ष २०७३/ ७४ को लागि प्रस्तावित कार्यक्रम तर्जुनमा गर्ने मार्गदर्शन कार्यक्रममा उपस्थित भएको बताइएको छ ।

सो मार्गदर्शन कार्यक्रममा प्रमुख अतिथि बनेका मन्त्री गजुरेलले आफूले ल्याएको २७ बुंदे प्रतिवद्धता महत्वाकांक्षी योजना भएको स्वीकार गर्दै चालु आवको बजेट तथा कार्यक्रमहरु २७ बुंदेलाई सम्बोधन हुने गरी परिमार्जन गरी कार्यान्वयन गराउनका लागि निर्देशन समेत दिएका थिए । उनले जो कोही कृषि मन्त्री भएर आएको भएपनि सो काम गर्ने बताउँदै २७ बुंदेभित्र पनि कमीकमजारी रहेको पनि स्वीकार गरे । तर, ती कमी कमजोरीलाई सुधार गर्दै जानु पर्ने पनि बताए । त्यसका लागि सबै राजनीतिक, सरोकारवाला निकायहरुको सहयोगको अपेक्षा पनि गरेका थिए ।

योजनाहरु 'क्रिटिकल' नभएसम्म सही ठाउंमा पुग्न नसक्ने भन्दै मन्त्री गजुरेलले कृषि विकास मन्त्रालय विभाजन भएर पशुपंक्षी विकास मन्त्रालय बनेको भएपनि फरक नसम्झेर दुबै मन्त्रालयलाई प्राथमिकतामा राखेर आगामी बर्षको योजना बनाउन समेत निर्देशन समेत दिएका थिए । साथै उनले कृषि क्षेत्रको बजेटलाई बढाएर नलगेसम्म मुलुकको आर्थिक बृद्धि हुन नसक्ने समेत बताए । सोही क्रममा उनले आफूले क्याबिने बैठक नै त्याग गरेर मार्गदर्शन कार्यक्रममा सहभागी भएको पनि बताएक । शुक्रबार तीन बजेदेखि सिंहदरबारमा सबै मन्त्रीहरु समाबेश भएर मन्त्रीपरिषद् बैठक शुरु भईरहंदा कृषि विकास मन्त्री हरिबोल प्रसाद गजुरेल भने क्याबिनेट बैठकमा गएनन् । कृषि विकास मन्त्रालय फुटाएदेखि प्रधानमन्त्री केपी शर्मा ओलीसंग रुष्ट भएका कृषि मन्त्री क्याबिनेट बैठकमा उपस्थित नभएपछि बैठकमा कृषि मन्त्रीको चर्चा चलेको बताइएको छ । सो बैठकमा कृषि मन्त्री नआउनुको विषयले धैरै ठूलो ठाउ नपाएपनि मन्त्री उपत्यका बाहिर वा देश बाहिर भएर नआएका भने होइनन् ।

प्रधानमन्त्री कार्यालयमा क्याबिन बैठक चलिरहादा कृषिमन्त्री हरिबोल प्रसाद गजुरेल कृषि विकास मन्त्रालय सिंहदरबार मै कार्यकर्ताहरुसंग भेटघाट मै ब्यस्त देखिएका थिए । सांढे तीन बजे पछि मात्र उनी कृषि विकास मन्त्रालयको सभाकक्ष योजना महाशाखाले आयोजना गरेको आगामी बर्ष २०७३/ ७४ को लागि प्रस्तावित कार्यक्रम तर्जुनमा गर्ने मार्गदर्शन कार्यक्रममा उपस्थित भएको बताइएको छ ।

सो मार्गदर्शन कार्यक्रममा प्रमुख अतिथि बनेका मन्त्री गजुरेलले आफूले ल्याएको २७ बुंदे प्रतिवद्धता महत्वाकांक्षी योजना भएको स्वीकार गर्दै चालु आवको बजेट तथा कार्यक्रमहरु २७ बुंदेलाई सम्बोधन हुने गरी परिमार्जन गरी कार्यान्वयन गराउनका लागि निर्देशन समेत दिएका थिए । उनले जो कोही कृषि मन्त्री भएर आएको भएपनि सो काम गर्ने बताउंदै २७ बुंदेभित्र पनि कमीकमजारी रहेको पनि स्वीकार गरे । तर, ती कमी कमजोरीलाई सुधार गर्दै जानु पर्ने पनि बताए । त्यसका लागि सबै राजनीतिक, सरोकारवाला निकायहरुको सहयोगको अपेक्षा पनि गरेका थिए ।

योजनाहरु 'क्रिटिकल' नभएसम्म सही ठाउंमा पुग्न नसक्ने भन्दै मन्त्री गजुरेलले कृषि विकास मन्त्रालय विभाजन भएर पशुपंक्षी विकास मन्त्रालय बनेको भएपनि फरक नसम्झेर दुबै मन्त्रालयलाई प्राथमिकतामा राखेर आगामी बर्षको योजना बनाउन समेत निर्देशन समेत दिएका थिए । साथै उनले कृषि क्षेत्रको बजेटलाई बढाएर नलगेसम्म मुलुकको आर्थिक बृद्धि हुन नसक्ने समेत बताए । सोही क्रममा उनले आफूले क्याबिने बैठक नै त्याग गरेर मार्गदर्शन कार्यक्रममा सहभागी भएको पनि बताएका थिए ।

## विदेशी ...

किसानसंग प्रत्यक्ष काम गर्न दिन बाट रोक्न सकेको देखिंदैन जसका कारण किसानहरु प्रत्यक्ष मारमा पर्दा पनि सुनुवाई गर्ने निकाय खोज्दै हिड्नु पर्ने भएको छ । अमेरिकी सहयोग नियोग मात्र होइन अक्सफाम, वीनरक, कारितास जस्ता विदेशीहरुको प्रत्यक्ष निगरानीमा सञ्चालन भएका गैरसरकारी संस्थाहरुले आफू मनखुशी काम गर्ने मन्त्रालयलाई थाहा नदिने गरेकै कारण अक्सफामले भूकम्प पीडितलाई राहतका नाममा धानको बीउ उपलब्ध गराएर धान नफल्दा उसलाई कार्वाही गर्न सकेन । कृषिमा समाचार प्रकाशन भएपनि धान नफलेको विषयमा मन्त्रालयले उपसचिवको संयोजकत्वमा छानबिन समिति गठन गरी अनुसन्धान गर्दा किसान मारमा परेको र अक्सफामले स्थानीय कृषि सहकारीसंग समन्वयमा काम गरेको भन्दै त्यसलाई लुकाउने प्रयास गरिएको देखिन्छ । यी केही उदाहरण पेश गरिएका दातृनिकायहरु मात्र हुन् । यस्ता दर्जनौ विदेशी दातृनिकायहरुले कृषि विकास मन्त्रालयलाई आफ्नो घेराभित्र राखेर आफ्नो स्वार्थ अनुकूल काम गरिरहेको देखिन्छ । जसले कृषि विकास मन्त्रालय मात्र होइन सरोकारवाला निकायका रुपमा रहेको जिल्ला कृषि विकास कार्यालयहरुलाई समेत जानकारी नदिई कार्यक्रम गर्ने गरेको देखिन्छ ।

कारितास नेपाल, वीनरक इन्टरनेशनल जस्ता दर्जनौ संस्थाहरुले कृषि क्षेत्रमा मनलाग्दो गरिरहंदा पनि कृषि विकास मन्त्रालय मौन बस्नु बाहेक अरु केही गर्न सकेको देखिंदैन । यी त भए कृषि विकास मन्त्रालयसंग स्वीकृति नै नलिई कृषिमा हस्तक्षेपकारी कार्य गर्ने संस्थाहरु । त्यसबाहेक कृषि विकास मन्त्रालयसंग सहकार्य गरे जस्तो गरी काम गरिरहेका एफएओ जस्ता संस्थाहरु पनि पटक पटक विवाद आउने गरेका छन् । तर त्यस्ता संस्थाहरु विवादमा आउनु पनि काम गर्नबाट रोक्नका लागि मन्त्रालयले पहल नगर्नुको मुख्य कारण आफ्नो जागिर जीवनबाट अवकाश पछि त्यही संस्थाहरुमा गएर कन्सल्टेण्टका रुपमा जागिर पाउने लोभले गर्दा पनि मन्त्रालयमा रहेका उच्च अधिकारीहरुले दातृ निकाय र निकटका संस्थाहरुलाई कार्वाहीका लागि प्रक्रिया अगाडि नबढाउने गरिएको कृषि विकास मन्त्रालयका एक उच्च अधिकारीले कृषिलाई बताए । अहिले कृषि विकास मन्त्रालयको बागडोर क्रान्तिकारी मन्त्रीको हातमा रहेका बेला आम नेपाली किसानहरुको हितका लागि यस्ता दातृनिकायहरुले गरिरहेका मनलाग्दीलाई रोक्ने कुनै ऐन नियम ल्याउलान् वा जुनजोगी आएपनि कानै चिरेका भने जस्तै मन्त्रालय उनैको घेराबाट बाहिर उम्कन दिंदैनने हेर्न वांकी नै छ ।

## पशुपालन...

सचिव डा कृष्णचन्द्र पौडेलले किसानका हितका लागि मन्त्रालयले काम गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । उनले कृषकको घर दैलोमा पुगेर पशुपालनमा लागिरहेका किसानहरुले भोगेका समस्या समाधान गर्नका लागि क्रियाशील भएर लाग्ने समेत बताएका थिए । कार्यक्रममा क्षेत्री पशु सेवा निर्देशनालय मध्यपश्चिमाञ्चलका क्षेत्रीय निर्देशक किशोरप्रसाद कायस्थले पशुपालन व्यवसायलाई व्यवस्थित गर्न र किसानहरुका समस्या समाधान गर्नका लागि आईपरेका चुनौतिका बारेमा जानकारी गराएका थिए ।




# कृषिमा आत्मनिर्भर हुनु पर्नेमा जोड



काठमाडौं । भारतले गरेको अघोषित नाकावन्दीका कारण हामी कति परनिर्भर छौं भन्ने कुरा पुष्टि गरेको भन्दै कृषिमा आत्मनिर्भर बन्न सक्ने हो भने नाकावन्दी जस्ता घटनाले हामीलाई कुनै पनि असर नगर्ने उपप्रधान एवं महिला तथा समाज कल्याण मन्त्री सिपी मैनालीले बताएका छन् । काठमाडौंमा ग्रेटर नेपाल राष्ट्रवादी मोर्चाले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मैनालीले सो कुरा बताएका हुन् । दुई ढुङा बीचको तरुलका रुपमा रहेको नेपालले कृषि क्षेत्रको विकासका लागि काम गर्दै आत्मनिर्भरता तर्फ अगाडि बढ्नुको विकल्पन नभएको पनि बताए । राष्ट्रियताका कुरा गर्ने र राष्ट्रिय स्वाभिमानका लागि पनि नेपालीहरुले कृषि प्रधान देश भएका नाताले पनि कृषिको विकासका लागि युवाहरुलाई सक्रिय गराउनु पर्ने उपप्रधानमन्त्री मैनालीले उद्घोष गरेका हुन् ।

# जुम्लाबाट स्याउका बिरुवा जिल्ला निर्यात

जुम्ला । माघको पहिलो सातासम्म जुम्लाबाट २५ हजार स्याउका बिरुवा बाहिरी जिल्लामा निर्यात गरिएको छ । जिल्ला कृषि विकास कार्यालय जुम्लाको सिफारिसमा कृषकले स्याउका बिरुवा निर्यात गरेका हुन् । पश्चिम नेपालका रोल्पा, बाजुरा, अछाम र पूर्वी नेपालको सोलुखुम्बु र ओखलढुङ्गा जिल्लामा किसानले स्याउ पुर्‍याएको वरिष्ठ कृषि विकास अधिकृत विष्णुबहादुर महतले जानकारी दिए । अधिकृत महतका अनसार कृषकले जुम्लामा प्रतिबुटा रु ३० मा बिक्री गरिरहेका छन् । चालु आवमा कार्यालयले ३० हजार बिरुवा वितरण गर्ने लक्ष्य राखेको छ ।

त्यसैगरी, प्राविधिक सहायक खेमराज शाहीले जुम्लामा प्रतिबुटा रु ३० भए पनि बाहिरी जिल्लामा रु २५० मा बिक्री वितरण गरिएको बताए । शाहीका अनुसार माघ ८ गतेसम्म जुम्लालाई रु सात लाख ५० हजार आम्दानी भएको छ । बाहिरी जिल्लाको बिक्री दर अहिलेम्म रु ६२ लाख ५० हजारमा बिरुवा बिक्री वितरण भएको छ ।

स्याउ आत्मनिर्भर कार्यक्रमअन्तर्गत बगैचा स्थापना गर्न अहिले २९७ जना कृषकले कार्यालयमा निवदेन दर्ता गराएका छन् । यसमा जग्गाको क्षेत्रफल, आधिकारिक नर्सरी र अनुगमन मूल्याङ्कनबाट १८० जनालाई आत्मनिर्भर कार्यक्रममा समेटिने कार्यालयले जनाएको छ । जुम्लामा यस वर्ष दुई लाख ११ हजार बिरुवा उत्पादन गरिएको छ ।

# ओली भाईले बिरुवा बेचेर मनग्य आम्दानी

झापा । दुई वर्षअघि रु ४० हजार कृषि कर्ममा लगानी गरेका झापाको गरामनीका दुई युवकले रु चालीसलाख आम्दानी गर्न सफल भए भन्दा पत्यार नलाग्न सक्छ । तर, वास्तविकता यही हो ।

विसं २०७० सालमा पाथीभरा बायोप्लान्ट टेक नामक संस्था दर्ता गरी बागवानीमा इच्छुक कृषकका लागि करेसाबारीमा लगाउने बिरुवा उत्पादन गर्ने काम सुरु गर्नुभएका गरामनी(८ निवासी रोहित र शिव ओलीले बिरुवा बेचेर दुई वर्षमा रु ४० लाख आम्दानी गर्न सफल भएका छन् ।

बेरोजगार स्थानीय युवालाई रोजगारीसमेत दिलाउने मुख्य उद्देश्यसहित उन्नत जातका बिरुवाको नर्सरी लगाउन सुरु गर्नुभएका उहाँहरुले अहिले २७ जनालाई रोजगारी दिएमा थिए । दुई दाजुभाइले सुरु गरेको नर्सरीबाट कागती, कटहर, आँप, अनार, सुपारी, रक्तचन्दन, श्रीखण्ड, बर्मेली टीकलगायतका उन्नत जातका बिरुवा उत्पादन भई बिक्री वितरण हुने गरेको स्थानीयवासीको भनाइ छ ।

ओली दाजुभाइले उत्पादन गरेका बिरुवाको मुख्य वजार झापासहित पूर्वी पहाडी जिल्ला इलाम र मोरङका विभिन्न बजार रहेको स्थानीयवासी दीक्षा आचार्यले बताइन् । उनले भने ( "पाथीभरा बायोप्लान्ट टेकले उत्पादन गरेका बिरुवा वर्षेनी ४० हजार रुपैयाँको हाराहारीमा बिक्री हुने गरेको छ ।"

रासायनिक मलको प्रयोगले कृषि क्षेत्रको उत्पादनमा ह्रास आइरहेको कृषकको गुनासो बढिरहेको समयमा आफूले गडचौले मलको प्रयोग गरेर बिरुवा उत्पादन गर्ने गरेको फार्मका सञ्चालक शिवको भनाइ छ । उत्पादित बिरुवालाई रोगबाट बचाउन सिओसी गरेर भिटामिन र औषधि प्रयोग गर्ने गरेका शिवले बताए। छोटो समयमा ओली दाजुभाइले राम्रो आम्दानी गर्न सफल भएको भन्दै जिल्ला वन कार्यालय झापाले समेत अघिल्लो आर्थिक वर्षमा रु ३० हजार अनुदान सहयोग गरेको जिल्ला वन कार्यालय झापाका प्रमुख इन्द्रमणि भण्डारीले बताए ।

# औषधी व्यवस्थापन विभाग र पशु सेवा विभागको लडाँइले पशुपंक्षी औषध ऐन आएन



## ऋषि बराल
### अध्यक्ष
### पशुपंक्षी औषधी व्यवसायी संघ

**० पशुपंक्षी औषधी व्यवसाय व्यवस्थित रुपमा सञ्चालनमा छैनन भन्ने गुनासा छन्, व्यवसायी संघको अध्यक्षका नाताले के भन्नु हुन्छ ?**

यो विषयमा हामीले औषधी व्यवस्थापन विभाग र पशु सेवा विभागका महानिर्देशक दुवैसंग बसेर कुरा चलाईरहेका छौं । हामीले तीनवटा कुरालाई प्रमुख प्राथमिकतामा राखेका छौं र त्यसलाई पालैपालो गर्दै लिएर जाने कुरामा अगाडि बढिरहेका छौं । अहिले हामी कस्तो अवस्थामा छौं भने नियम स्वास्थ्य मन्त्रालयको मान्नु पर्ने अनुगमन कृषि (हाल पशुपंक्षी) विकास मन्त्रालयले गर्ने दर्ता औषधी व्यवस्थापन विभागमा हुनु पर्ने भएकाले हामी न यता न उताका भएका छौं । त्यसकारण यसलाई कसरी व्यवस्थित गर्नका लागि पशु औषधी ऐन आउनु जरुरी छ । त्यो ऐन कृषि विकास मन्त्रालयका थन्किएर बसेको हामीले सुनेका छौं त्यसलाई कार्यान्वयन गराउन हामी लागि परेका छौं ।

**० ऐनको ड्राफ्ट त धेरै पहिले नै बनेको हो नि किन थन्किएको होला त ?**

विगतमा ऐनको ड्राफ्ट कृषि विकास मन्त्रालयमा थन्किएर बसेको थियो । व्यवसायी संघको नयां कार्यसमिति आईसकेपछि कृषि विकास मन्त्रालयबाट पशुपंक्षी विकास मन्त्रालयमा लैजानका लागि हामीले काम थालनी गरिसकेका छौ । त्यो पनि दश बर्ष अगाडि बनेको ड्राफ्ट भएको हुनाले त्यसलाई पनि संशोधान गर्नु पर्दछ भन्ने कुरा उठिरहेको छ । त्यसका लागि हामी आगामी हप्तादेखि नै लाग्दछौं ।

**० पशुपंक्षीको औषधीको अनुगमन गर्ने निकाय र यहांहरु व्यवसायी दुवै मनलाग्दो ढंगले अगाडि बढिरहेको भन्ने कुरा आईरहेको छ नि ठिक हो ?**

त्यो कुरा विलकुलै होइन । पशुपंक्षीहरुको औषधीले मानव स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ । त्यसकारण मावन औषधी भन्दा पशुपंक्षीका औषधीमा हामी बढी संवेदनशील छौं । हामीले विक्री वितरण गरेका औषधी कुखुरा, बंगुर, भैसी, खसी लगायतका पशुलाई ख्वाउंछौ र त्यसकै मासु हामीले प्रयोग गरिरहेका हुन्छौं । त्यही मासुका कारण मानव स्वास्थ्यमा पनि असर गर्ने भएकाले यसमा हामी लापरवाही त गर्दै गर्दनौं । तर, हामीलाई अनुगमन गर्ने संस्थाले हामीलाई पाखा लगाउंदै आईरहेको छ । बरु हामी आफैं हाम्रो व्यवसाय व्यवस्थित गर्नु छ । हामीलाई अनुगमन तीव्र गर्नुस् र त्यससम्वन्धि ज्ञान दिने काम पनि गरिदिनुस भन्दै आईरहेका छौं ।

**० तपाईहरु आफूलाई अनुगमन गर भन्ने सरकार बनेको ड्राफ्ट पनि कार्यान्वय नगर्ने कारण केही त होला नि ?**

यसका लागि औषधी हेर्न जिम्मेवारी स्वास्थ्यले पाएको हुनाले औषधी ऐन २०३५ अनुरुप नै भेटेरीनरीलाई हेरिरहेको कारणले आफूसंग रहेको अधिकार अन्त नजाओस् भन्ने धारण औषधी व्यवस्थापन लिईरहेका, र त्यो सबै हेर्न पाउनु पर्दछ भन्ने कुरा पशु सेवा विभागको इच्छा भएकोले यो ड्राफ्ट नआएको हो कि भन्ने लाग्दछ । त्यसबेला स्वास्थ्य धेरै बलियो भएका कारणले त्यो ऐन कृषि विकास मन्त्रालयमा आउन नसकेको र अहिले कृषि विकास मन्त्रालय बलियो भएका कारण अव त्यो ऐन कृषि (पशुपंक्षी) विकास मन्त्रालयमा आउन सक्ने सम्भावन धेरै छ ।

**० त्यसो भए अव पशुपंक्षी विकास मन्त्रालयले पशुपंक्षी औषधी ऐन ल्याउछ भन्ने कुरामा तपाई ढुक्क हुनु भएको हो ?**

पशुपंक्षी विकास मन्त्रालय गठन भईसकेपछि मन्त्रालयको तेस्रो प्राथमिकतामा पशु स्वास्थ्य परेकोले र नियमन गर्ने निकाय पनि चालु अधिबेशनमा नै आउंछ भन्ने मलाई लाग्दछ ।

**० तर पशुपंक्षीका औषधी विक्री गर्ने भेटेरीनरीहरु किनेका प्रमाणपत्र भित्ता टांसेर व्यापार गरिरहेका छन् भन्ने कुरा छ त ?**

त्यो विल्कुलै गलत कुरा हो । जसले तालिम लिएका छन्, उनीहरुनै पसलमा बसेका छन् । तर समस्या के हो भने तालिम लिएका व्यक्तिनै उपचारमा जानु पर्ने भएकाले कहिले कांही उनीहरुका परिवारका व्यक्तिहरु पसलमा बसेको हुन सक्छ । तर लाईसेन्स नै दिने भन्नु कुरा भेटेरीनरीमा अहिले छैन । हामीसंग भेटेरीनरी फर्मासिस्ट नहुने र औषधी व्यवस्थापन विभागको नियममा चाहि भेटेरीनरी फर्मासिस्ट राख्नु पर्ने भन्ने भएकाले त्यो अहिले सम्भव छैन । हाम्रो प्रमुख माग पनि त्यही हो कि भेटेरीनरी फर्मासिस्टको पढाई हुनु पऱ्यो । हामी वर्तमान अवस्थामा फर्मासिस्टलाई पालेर पशुपंक्षीको औषधी व्यवसाय गर्न सक्दैनौ । त्यसकारण हामी आफैलाई दक्ष बनाईयोस् । र हामीलाई तालिम दिएर फर्मासिस्ट सरहको मान्यता दिनु पर्दछ भन्ने हाम्रो माग रहेको छ ।

**० तर भेटेरीनरी व्यवसाय गर्नका लागि केही तालिम दिने संस्थाहरुले अध्ययन नगराई प्रमाणपत्र मात्र बेचेको कुरा त बाहिर आएको छ नि त?**

केही संस्थाले त्यसो गरेको र केही नक्कली प्रमाणपत्र पाईयो भन्ने कुरा पनि सुन्न आएको हो । त्यसैले अहिले औषधी व्यवस्थापन विभागले पसल दर्ता गर्न जांदा खेरी नै ३५ दिने तालिम लिएको हो कि होइन भन्ने कुराको पुष्टिका लागि पशु सेवा विभागका पत्र पठाउंछ र त्यही पत्रका आधारमा तालिम लिएको हो भन्ने पुष्टि भएपछि मात्र पसल दर्ता हुने गरेकाले अहिले त्यस्तो कार्य रोकिएको छ ।

**० नेपालका पशुऔषधी व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउका लागि के गर्नु पर्ला त ?**

यो व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउनका लागि व्यवसाय सञ्चालन गरिरहेका व्यक्तिहरुलाइ अझ दक्ष बनाउनु पर्दछ । समय अनुरुप हामी पनि चल्नु पर्ने भएकाले व्यवसाय सम्वन्धि, ऐन कानूनको जानकारी सम्वन्धि तालिम दिने हो भने हुन्छ ।

**० त्यसका लागि सरकारको तर्फबाट के गर्नु पर्दछ ?**

सरकारी पशुपंक्षीको औषधी व्यवसाय गर्ने व्यवसायीहरुलाई ज्ञान सीपका तालिम प्रदान गर्नु पर्दछ ।

**० विगतमा सरकारले यस्ता कार्यक्रम ल्याएको छ त ?**

औषधी व्यवथापन विभागको नियमले फर्मासिस्टको व्यवस्था हुनु पर्दछ भनेकोले फर्मासिस्ट सरहको ३५ दिने तालिम चाहि दिएको छ । त्यो भन्दा अरु सरकारको तर्फबाट केही पनि भएको छैन । तर हामीले ३५ दिने तालिम लिएकाहरुलाई पनि पुर्नताजगी तालिम दिनु पर्दछ भन्ने माग राखेका छौं ।

**० यस व्यवसायलाई व्यवस्थित गर्नका लागि संघले के गरिरहेका छ त ?**

औषधी व्यवस्थापन विभागमा दर्तानभईसकन संघमा सदस्यता उपलब्ध नहुने भएकाले तीनबर्ष अगाडिसम्म १हजार २ सय ८४ व्यवसायीको तथ्यांक हामीले बुझाएका छौं । त्यसपछि कति खुले भन्ने कुरा हामीलाई थाहा छैन । अहिले नयां कार्यसमिति बनिसकेकाले हामी फेरि तथ्यांक संकलन गरिरहेका छौं ।

**० अन्त्यमा,**

किसान व्यवसायी सवैले आआफ्नो किसिमले मर्यादित किसिमले गरौं । हामीले बोल्दै नबोल्ने पशुपंक्षीको उपचार गर्ने हुनाले यस व्यवसायको संवेदनशीलतालाई ध्यान दिनु पर्दछ । हचुवाको भरमा उपचार र औषधी विक्री नगरौं । गुणस्तरीय औषधी र गुणस्तरीय उपचारमा ध्यान दिएर व्यवसायलार्य मर्यादित बनाउन आग्रह गर्दछु ।

० वैकुण्ठ भण्डारी

भूकम्पले घर छैन !
धान सुरक्षित गर्न ठाउँ छैन

तर पनि मलाई केही डर छैन ! किनकी
अमेरिकी प्रविधिबाट नेपालमै उत्पादित तीन लेयरको PICS मैसँग छ
सम्पूर्ण किसानहरुका लागि सुरक्षित र हावा नछिर्ने अन्तर्राष्ट्रिय स्तरको व्याग








NAF Seeds Pvt.Ltd
Natole, lalitpur
Phone : 5538748 Fax :5534428
Website: www.nafseed.com

कृषि पत्रकार समाजका लागि हब ब्रोडकास्टिङ् प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः बागबजार, फोन नंः ९८५१०५९४५५,पो.व.नं.:४३१२, ई-मेलः sajnepal@gmail.com, मुद्रणः श्वेतकाली छापाखाना काठमाडौं, सम्पादकः वैकुण्ठ भण्डारी